संरक्षित क्षेत्रले नेपालको अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी अध्ययन–प्रतिवेदन २०७९

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं, नेपाल

फोनः +९७७-१-४२११९७०

फ्याक्सः +९७७-१-४२११७००

Email: npcs@npc.gov.np

संरक्षित क्षेत्रले नेपालको अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी अध्ययन प्रतिवेदन २०७९

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं, नेपाल

फोनः +९७७-१-४२११९७०

फ्याक्सः +९७७-१-४२११७००

Email: npcs@npc.gov.np

राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं, नेपालका लागि परामर्शदाता पेशागत विकासका निम्ति माउन्टेन थट्स कन्सल्टेन्सी प्रा.लि.का तर्फबाट पंकजकुमार दास (टोली नेता) र टोली सदस्यद्वय कृष्णदत्त भट्ट तथा नवीना श्रेष्ठद्वारा तयार गरिएको संरक्षित क्षेत्रले नेपालको अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी अध्ययन प्रतिवेदन २०७९ ।

विषय सूची

कार्यकारी सारांश १

१. पृष्ठभूमि (Background) ७

२. अध्ययनको सैधान्तिक अवधारणा र विधि (Theoretical Concept and Methodology) ९

२.१ अध्ययनको सैधान्तिक अवधारणा (**Theoretical Concept of the Study)** ९

२.२ अध्ययन क्षेत्र, तथ्यांक सङ्कलन तथा विश्लेषण विधि एवं प्रतिवेदन तयारी **(Study Area, Data Collection and Analysis Methodology, and Report Preparation)** ११

२.२.२ सन्दर्भ सामग्रीहरूको अध्ययन तथा पुनराबलोकन **(Literature Review)** १२

२.२.३ मुख्य सूचनादाताहरू सितको छलफल **(Primary Data Collection)** १२

२.२.४. द्बित्तीय तथ्यांङक सङ्कलन बिधि (Secondary Data Collection) १२

२.२.५ तथ्यांङक तथा सुझावहरू तालिकिकरण बिश्लेषण एवं प्रतिवेदन तयारी (Data Tabulation, Analysis and Report Writing) १२

३. संरक्षित क्षेत्रहरूको संक्षिप्त परिचय लगायत तिनीहरूको सबल दुर्वल पक्षहरू र अवसर तथा चुनौती. १३

३.१ संरक्षित क्षेत्रहरूको संक्षिप्त परिचय १३

- कोशी-टप्पु राष्ट्रिय निकुञ्ज १६
- ढोरपाटन शिकार आरक्ष १६
- अन्नपूर्ण संरक्षण क्षेत्र १६
- मनास्लु संरक्षण क्षेत्र १७
- कृष्णसार संरक्षण क्षेत्र १७

३.२ संरक्षित क्षेत्रको सबल तथा दुर्वल र अवसर तथा चुनौती १८

- सबल पक्ष १८
- दुर्वल पक्ष १८
- अवसर २०
- चुनौती २०

४. संरक्षित क्षेत्र संग सम्बन्धित ऐन, कानून तथा नीतिहरू २१

५. जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धी नेपाल पक्षधर रहेका अन्तराष्ट्रिय सन्धि र सम्झौताहरूको विवरण २५
६. संरक्षित क्षेत्रका कार्यक्रमहरूको विश्लेषण २७
६.१ कार्यक्रम सञ्चालनका आधारहरू २७
७. संरक्षित क्षेत्रमा सार्वजनिक, निजि, सहकारी क्षेत्रको साझेदारी ३१
८. संरक्षित क्षेत्र भित्र पूर्वाधार निर्माण सहजीकरणका लागि रणनीति ३२
९. संरक्षित क्षेत्रले नेपाली जनताको जनजीवन लगाएत पर्यटन, राजश्व, रोजगारीमा पारेको प्रभाव 32
१०. तथ्याङ्क विश्लेषण तथा छलफल ३६
११. नेपालका सबै संरक्षित क्षेत्रहरूको समग्र अनुमानित आर्थिक मूल्य ३६
१२. संरक्षित क्षेत्रहरूको राष्ट्रिय अर्थतन्त्रमा योगदान ३९
१३. निष्कर्ष तथा सिफारिशहरू ४१
१३.१ निष्कर्ष ४१
१३.२ सिफारिसहरू ४१
सन्दर्भ समग्रीहरू ४४
अनुसूची २. नेपालको GDP Estimate गर्न वर्गीकरण गरिएका System of National Accounts का क्षेत्रहरू ४९
अनुसूची ३. नेपालको संरक्षित क्षेत्र बाट उत्पादित विभिन्न सेवाहरूको कुल मूल्य (रु. हजारमा) ५०
अनुसूची ४. संरक्षित क्षेत्रले GDP मा पुरयाएको योगदान ५१
अनुसूची ५. मुख्य सुचानादताहरू ५३

चित्र सूची

चित्र नं. iv संरक्षित क्षेत्र भ्रमण गर्ने पर्यटक संख्या र संकलित राजस्व ३५

ता लका सूची

तालिका नं. i संरक्षित क्षेत्र संग सम्बन्धित ऐन, कानून तथा नीतिहरू (DNPWC) २४
तालिका नं. ii जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धी नेपाल पक्षधर रहेका अन्तराष्ट्रिय सन्धि र सम्झौताहरूको विवरण (DNPWC) २६
तालिका नं. iii आ.व .२०७७/७८ मा कार्यालयहरूको आयोजनागत स्वीकृत वार्षिक बजेट २८
तालिका नं. iv आ.व .२०७७/७८ मा कार्यालयहरूको आयोजनागत खुद बजेट २९
तालिका नं. v आ.व .२०७७/७८ मा कार्यालयहरूको आयोजनागत खर्च{ २९

कार्यकारी सारांश

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन,२०२९ अनुसार २३.३९ प्रतिशत भुभाग संरक्षित भइसकेको र यस क्षेत्रबाट तुलनात्मक लाभ लिन सकिने प्रचुर सम्भावना रहेको विभिन्न अध्ययनहरूले देखाएका छन। यसको दिगो व्यवस्थापन मार्फत आय एवं रोजगारी वृद्धि गरी मुलुकको समृद्धिमा महत्वपूर्ण योगदान पुर्याउन सकिन्छ। तर संरक्षित क्षेत्रको अर्थतन्त्रमा उल्लेख्य रुपमा योगदान पुग्नेगरी व्यवसायिक व्यवस्थापन र उपयोग हुन् सकेको छैन। त्यसैले यस क्षेत्रले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा समग्र अर्थतन्त्रको विभिन्न पक्षमा पुर्याएको योगदान बारे अनुमान गर्न थप अध्ययन आवश्यक छ। यस अध्ययनको आवश्यकता केहि हदसम्म परिपूर्ति गर्ने उद्देश्यले राष्ट्रिय योजना आयोगले यो अध्ययन गरेको हो।

संरक्षित क्षेत्रले नेपालको अर्थतन्त्रमा पारेको प्रभाव मूल्याङ्कन गर्न संरक्षित क्षेत्रबाट प्राप्त 'आर्थिक' र' 'वातावरणीय' योगदानहरूलाई थप विभिन्न सेवाहरूमा वर्गिकरण गरिएको छ। यस अध्ययनले मिलिनिएम इकोसिस्टम एसेस्मेन्ट प्रतिवेदन २००५ (Millennium Ecosystem Assessment-MEA, २००५) र द इकोनोमिक्स अफ इकोसिस्टम एंड बायोडाइभरसिटी २०१० (The Economics of Ecosystem and Biodiversity- TEEB, २०१०) ले उल्लेख गरे बमोजिमका चार प्रकारका सेवाहरूलाई सैद्धान्तिक हिसाबले संरक्षित क्षेत्रबाट प्राप्त हुने सेवाहरूका रुपमा अवलम्बन गरेको छ। ।साथै National Income Accounting Framework मा आधारित भएर आर्थिक मुल्यांकन (economic evaluation) सम्बन्धि सूचनाहरू सक्दो उपलब्ध गराउने प्रयत्न गरिएको छ। System of National Accounts (SNA) ले यस सम्बन्धि framework, २००८ अनुसार सबै किसिमको आर्थिक क्रियाकलापहरूलाई वर्गीकरण गरेको छ यो अध्ययन मुख्यतः संरक्षित क्षेत्रले नेपालको आर्थिक, सामाजिक र वातावरणिय पक्षमा पारेको प्रभावका बारेमा प्रकाशित विभिन्न दस्तावेजहरू (secondary literatures) विश्लेषणमा आधारित छ। यसका अलावा विषयगत विज्ञसँगको परामर्श र विषयगत मन्त्रालय तथा विभागहरूमा उपलब्ध तथ्याङ्क सङ्कलन गरी संरक्षित क्षेत्रले पारेको आर्थिक प्रभाव अध्ययनको विश्लेषण सहितको निष्कर्ष प्रस्तुत गरिएको छ।

नेपालमा विद्यमान ११८ किसिमका परिस्थितिकिय प्रणाली मध्ये ८० किसिमका परिस्थितिकिय प्रणाली संरक्षण क्षेत्रभित्र पर्दछन्। यिनीहरूको संरक्षण संवर्द्धन तथा व्यवस्थापन गर्ने उद्देश्यले हालसम्म १२ राष्ट्रिय निकुञ्ज, १ वन्यजन्तु आरक्ष, १ शिकार आरक्ष, ६ संरक्षण क्षेत्र र १३ मध्यवर्ती क्षेत्र घोषणा भई संरक्षण तथा व्यवस्थापकीय कार्यहरू सञ्चालन हुँदै आएको छ। यी क्षेत्रहरू मध्ये संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्र मानव बस्ती सहितका क्षेत्र हुन्। यी संरक्षित क्षेत्रहरू ले नेपालको भूभागको २३.३९ प्रतिशत अर्थात ३४४१९.७५ वर्गकिलोमिटर क्षेत्र ओगटेको छ। साथै दुईवटा प्राणी उधानहरू स्थापना भई निर्माणाधीन अवस्थामा रहेका छन्।

नेपालमा औपचारिक रुपमा संरक्षण कार्य प्रजाति संरक्षणहरू बाट प्रारम्भ भई क्रमिक रुपमा परिस्थितिकिय प्रणाली हुँदै भु-परिधिस्तरमा जनसहभागितामूलक पद्धतिमा रूपान्तरण भएकोले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विशिष्ट पहिचान बनाउन सफल भएको छ।

संरक्षित क्षेत्रसँग सम्बन्धित मुख्य सूचनादाताहरूसँग को छलफल लगायत सन्दर्भ सामग्री अध्ययन तथा पुनरावलोकन गरि सबल तथा दुर्बल र अवसर तथा चुनौतिहरू पहिचान गरिएका छन।

संरक्षित क्षेत्रको संरक्षण, व्यवस्थापन, सदुपयोग का लागि राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग बाट आ. व. २०७७/७८ मा चारवटा आयोजनाहरू (राष्ट्रिय निकुन्ज तथा आरक्ष आयोजना-P1; राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु विभाग-P1; प्रकृतिमा आधारित पर्यटन कार्यक्रम-P1; र हात्तिसार-P2) सञ्चालन भएको देखिन्छ। उल्लेखित सबै आयोजनाहरूले अपेक्षित उपलब्धिहरू हासिल गर्न सफल रहेको देखिन्छ। यि आयोजनाहरूले संरक्षित क्षेत्रको विधमान नीति, अन्तराष्ट्रिय सन्धि एवं सम्झौता, आबधिक योजना, यस क्षेत्र संग सम्बन्धित विभिन्न रणनीतिक योजना/कार्ययोजना लगाएत आईपरेका स्थानीय तथा राष्ट्रिय समस्या एवं आवश्यकताहरू पूर्ति गर्न सफल देखिएकोले यस आयोजनाहरूको सान्दर्भिकता एवं प्रभावकारीता प्रमाणित भएको देखिन्छ। यि आयोजनाहरूको प्रभावकारी कार्यान्वयनको प्रभावले गर्दा स्थानीय जनसमुदायको आयआर्जनका अवसरहरू तथा रोजगारीमा थप वृद्धि भएको; स्थानीय समुदायको जीविकोपार्जनमा निरन्तर टेवा पुरयाएको; पर्यापर्यटन लगाएत आर्थिक गतिविधिहरू बढाऊन सहयोग पुरयाएको; वैदेशिक मुद्रा आर्जन एवं संचिति बढाऊन योगदान पुरयाएको र समग्र राष्ट्रिय अर्थतन्त्र सबलीकरण गर्न निरन्तर सहयोगी भूमिका खेलेको देखिन्छ। तसर्थ उल्लेखित सबै आयोजनाहरूको प्रभाव समष्टिगत रुपमा सकारात्मक रहेको देखिन्छ।

सरकारी, निजी तथा सहकारी क्षेत्रको साझेदारीमा उद्योगमैत्री वन व्यवस्थापन प्रणाली स्थापित गर्न र हरित उद्यम विकास गर्नको लागि नेपाल सरकारले अंगीकार गरेको विद्यमान सार्वजनिक-निजी साझेदारी नीति, २०७२ र यससँग सम्बन्धित कानून सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ तथा सार्वजनिक-निजी साझेदारी तथा लगानी नियमावली, २०७७ हालसम्म पनि सान्दर्भिक नै देखिएको र यसका लागी तत्कालै छुट्टै नीति नियम निर्माण गरिहाल्नुपर्ने टड्कारो संरक्षित वन क्षेत्रका सरोकारवालाहरूले महसुस नगरिसकेको अवस्था छ। संरक्षित वन भित्र खास गरी मध्यवर्ती क्षेत्रमा रहेका वनको दिगो व्यवस्थापन एवं सदुपयोग गरी त्यहाँ पाइने तुलनात्मक लाभ भएका वन पैदावारहरूको निरन्तर उत्पादन एवं आपूर्तिका लागि हाल रहेको सामुदायिक वनहरूको काठ केन्द्रित वन व्यवस्थापन कार्ययोजना लाई पुनरावलोकन गरी त्यहाँ विद्यमान अन्य श्रोतहरू जस्तै औषधीय एवं सुगन्धित बिरुवा/ जडीबुटीहरूको समेत सर्वेक्षण गरी बृहत् एवम् उपयुक्त उधम मैत्री दिगो वन व्यवस्थापन कार्ययोजना एवं प्रणाली स्थापित गर्न यस सँग सम्बन्धित सार्वजनिक निकायले सामुदायिक वनलाई प्राविधिक आर्थिक सहयोग उपलब्ध गर्नुपर्ने देखिन्छ। तसर्थ सार्वजनिक-निजी-सहकारी साझेदारी अवधारणा अनुरुप उद्धममैत्री वन व्यवस्थापन प्रणाली एवं हरित उद्यम विकास

गर्न स्थान र परिवेश अनुसारको खाका तयार हुनु उपयुक्त हुने देखिन्छ। यसका लागि संरक्षित क्षेत्रसँग सम्बन्धित सार्वजनिक निकायले विद्यमान नीति एवं कानुनको परिधि भित्र रही परिवेश अनुसारको कार्यनिती बनाई लागू हुन उपयुक्त देखिन्छ।

संरक्षित क्षेत्रलाई दिगो वन व्यवस्थापनको सिद्धान्त भित्र रहेर विभिन्न किसिमका पूर्वाधार विकास आयोजनाको निर्माणका लागि नेपाल सरकारले हालसालै छुट्टै निर्देशिका " वन्यजन्तु मैत्री पूर्वाधार निर्माण निर्देशिका २०७८" जारी गरेकाले यस सम्बन्धी छुट्टै रणनीति ल्याउन आवश्यक नपर्ने सरोकारवालाहरूको निष्कर्ष रहेको देखिन्छ।हालसालै पारित गरिएको यस निर्देशिकालाई आवश्यकता अनुसार राष्ट्रिय गौरवका रुपान्तरणकारी तथा राष्ट्रिय प्राथमिकताका पूर्वाधार विकास आयोजना निर्माणमा थप सहजीकरण हुने तबरले क्रमशः सुधार गर्दै लाँदा बढी व्यवहारिक हुने र यसका लागि विभिन्न तह एवं स्तरमा वृहत छलफल गर्नु पर्ने देखिन्छ।

संरक्षित क्षेत्र वरपरका समुदायलाई संरक्षणमा सहभागी गराउने उद्देश्यले मध्यवर्ती क्षेत्र व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिएको छ। राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्षका १३ मध्यवर्ती क्षेत्रमा स्थानीय बासिन्दाहरूलाई आवश्यक पर्ने वन पैदावरको नियमित आपूर्ति गर्ने उद्देश्यले गठित १ हजार ३६ मध्यवर्ती तथा संरक्षित क्षेत्रका सामुदायिक वनले करिब २ लाख ११ हजार २ सय १३.० हेक्टर वनक्षेत्रफल ओगटेको छ। त्यसैगरी ८८ मध्यवर्ती कबुलियती वन मार्फत ४४०.६ हेक्टर वन व्यवस्थापन गरिएको छ। संरक्षित क्षेत्रको व्यवस्थापनबाट मध्यवर्ती क्षेत्र तथा संरक्षित क्षेत्रमा बस्ने ११ लाख ४२ हजार ५ सय ९९ जनसंख्या लाभान्वित भएका छन्। आर्थिक वर्ष २०७६/७७ मा जम्मा ५ लाख ५ सय ३६ जना पर्यटकले संरक्षित क्षेत्र भ्रमण गरेका थिए। आर्थिक वर्ष २०७७/७८ मा २ लाख ४४ हजार २ सय १४ पर्यटकीय संरक्षित क्षेत्र भ्रमण गरेका छन्। संरक्षित क्षेत्रबाट आर्थिक वर्ष २०७६/७७ मा रु. ३७ करोड ८३ लाख राजश्व संकलन भएको थियो भने आर्थिक बर्ष २०७७/७८ मा १५ करोड ७ लाख ३२ हजार राजस्व संकलन भएको थियो। संरक्षित क्षेत्रबाट कृषि भूमिको उत्पादकत्वमा वृद्धि, कृषि भूमिलाई आवश्यक मलजलको उपलब्धता, संरक्षण कार्यबाट बाढीपहिरोको रोकथाम , जलाधार क्षेत्रहरूको संरक्षणले प्रतिवर्ष सम्भार कार्यमा हुने खर्च कटौतीले आर्थिक विकासमा टेवा पुगेको छ। प्रत्यक्ष रूपले सामान्य जनताले वर्षेनी घर तथा गोठ बनाउन चाहिने खर, खाडी, निगालो आदि संकलन गरेर आर्थिक लाभ उठाउन पाएका छन्।राष्ट्रिय निकुञ्ज तथा आरक्षको आम्दानी हुने राजस्वको ३०-५० प्रतिशत रकमबाट स्थानीय जनतालाई प्रत्यक्ष फाइदा पुग्ने एकीकृत सामुदायिक विकास कार्यक्रम सञ्चालन हुने हुँदा यसबाट पनि आर्थिक विकासमा टेवा पुगेको छ। नेपालमा आउने पर्यटकको ६० प्रतिशत पर्यटकहरू संरक्षित क्षेत्रमा अवलोकन भ्रमण गर्न आउने गर्दछन्।

उपलब्ध तथ्यांक एवं सूचनाअनुसार प्रावधान गरिएको सेवाहरू (Provisioning Services) अन्तर्गत काठ, दाउरा, पात, पत्कर, स्याउला, जंगली फल/कन्दमूल तरकारी, औषधि एवं वनस्पतिहरू, लोक्ता, अल्लो एवं अन्य फाइबर, माछा ,खाद्य पदार्थ, मह, रबर, निर्माण सामग्रीहरू बालुवा, गिटी, ढुंगा निर्माणका लागि माटो इत्यादि पर्दछन्। नेपालमा रहेका एवम् संरक्षित क्षेत्रहरू मध्ये प्रोभिजनिङ सर्भिसेसको सबैभन्दा उच्च मूल्य चितवन राष्ट्रिय निकुञ्ज (रु ७०९१ मिलियन) रहेको देखिन्छ भने सबै भन्दा कम मूल्य रारा र.नि. (रु.१११ मिलियन) पाइएको छ। त्यसैगरी सांस्कृतिक सेवाहरू (Cultural Services) अन्तर्गत सबै भन्दा बढी मूल्य अन्नपुर्ण संरक्षण क्षेत्र (रु. २७९४ मिलियन) छ भने सबै भन्दा कम मूल्य रारा र.नि. (रु.२८ मिलीयन) रहेको देखिन्छ। नियामिक सेवाहरू (Regulating Services) अन्तार्गत सबै भन्दा बढी मूल्य अन्नपुर्ण संरक्षण क्षेत्र (रु. ३९४ मिलियन) छ भने सबै भन्दा कम मूल्य कोशीटप्पु वन्यजन्तु आरक्षको रहेको देखिन्छ। सहयोगी सेवाहरू (Supporting Services) को आर्थिक मूल्यांकनबाट प्राप्त नतिजा अनुसार यस सेवा अन्तर्गत सबै भन्दा बढी मूल्य चितवन राष्ट्रिय निकुञ्ज (रु ७३१० मिलियन) रहेको देखिन्छ।

यस अध्ययन अन्तर्गत प्राप्त विभिन्न तथ्यांक एवम् सूचनाहरूको विश्लेषण गर्दा समग्रतामा सबै भन्दा बढी मूल्य सहयोगी सेवाहरूको रहेको देखिन्छ। यस सेवा क्षेत्रको योगदान ४५% रहेको देखिन्छ। संरक्षित क्षेत्रहरूको माटो निर्माण, पानी उपलब्धता, nutrient recycling, भू-क्षय न्यूनीकरण मार्फत जग्गाको अधिकतम उपयोग, चरण क्षेत्र मार्फत प्रारम्भिक उत्पादनहरू गरी कृषि तथा पशुपालन क्षेत्रको उत्पादकत्वको बढी भूमिका हुने हुँदा यस सेवा क्षेत्रको योगदान सबै भन्दा बढी रहेको देखिएको छ। दोस्रो बढी आर्थिक मूल्य प्रावधान गरिएको सेवाहरू (Provisioning Services) को रहेको छ। यसले ३७ % हिस्सा ओगटेको छ। स्थानीय सामुदायिक काठ, दाउरा, घाँस, स्याउला, सोत्तरका लागि प्रत्यक्ष रुपमा संरक्षित क्षेत्रहरूमा निर्भर हुन्छन। त्यसैगरी संरक्षित क्षेत्रबाट जडिबुटी, मह, फाइबर इत्यादी संकलन एवम् विक्री गरी आय आर्जन गर्ने हुनाले यस क्षेत्रको योगदान पनि अधिक देखिएको छ। तृतीय बढी मूल्य रहेको सेवा क्षेत्र सांस्कृतिक सेवा (Cultural Services) क्षेत्र हो। यसको योगदान १५% छ जस अन्तर्गत संरक्षित क्षेत्रमा आधारित पर्यटन सम्बन्धी क्रियाकलापहरू पर्दछन। यसैगरी आ.व. २०७२/७३ मा सबैभन्दा कम योगदान ३ प्रतिशत पुर्याउने क्षेत्र नियामकीय सेवाहरू (regulating services) रहेको थियो भने आ.व. २०७७/७८ मा पनि सबैभन्दा कम योगदान ३.३७ प्रतिशत नियामकीय सेवाहरू कै रहेको छ। यसको मूलकारण संरक्षित क्षेत्रहरूको अवस्थिति धेरैजसो पिछडिएको भूगोलमा रहेको कारणले गर्दा हो भन्न सकिन्छ। यहाँबाट प्राप्त पानीको व्यवसायिक प्रयोग नभई स्थानीय समुदायले आफ्नो घरधुरीमा खानेपानीको रुपमा गर्ने गर्दछन्। त्यसैगरी अन्नपूर्ण संरक्षण क्षेत्र र लाङटाङ राष्ट्रिय निकुञ्ज बाहेक अन्य नगन्य हिसाबमा जलविद्युत उत्पादनमा प्रयोग गरिएको छ। समग्रमा आ.व. २०७७/७८ मा

चार वटै वर्गका सेवाहरू को जम्मा मुल्य रु.४६८७८५८७ हजार रहेको छ जुन आ.व. २०७२/७३ को तुलनामा लगभग १० प्रतिशत ले कम हुन गएको छ।

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागको एक अध्ययन बाट प्राप्त नतिजा अनुसार आर्थिक वर्ष २०७२/७३ मा संरक्षित क्षेत्रबाट उत्पादित सबै वस्तु तथा सेवाको आर्थिक मूल्यांकन गर्दा यसको जम्मा आर्थिक मूल्य रु. ५२०८४ मिलियन नेपाली रुपैया रहेको थियो| उक्त आर्थिक वर्षमा नेपालको कूल गार्हस्थ्य उत्पादन (GDP) २,२४८,६९१ मिलियन नेपाली रुपैंया रहेको थियो| यस हिसावमा उक्त आर्थिक वर्षमा संरक्षित क्षेत्रको नेपालको GDP मा कुल योगदान २.३२ प्रतिशत रहेको थियो। त्यसैगरी आर्थिक वर्ष २०७७/७८ मा सबै वस्तु तथा सेवाको आर्थिक मूल्यांकन गर्दा यसको जम्मा आर्थिक मूल्य रु. ४६८७८.५ मिलियन नेपाली रुपैया रहेको छ र अनुमनित GDP ४२६६३२१ मिलियन नेपाली रुपैंया रहेको हिसाबले संरक्षित क्षेत्रको समग्र GDP मा योगदान १.१० प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७२/७३ मा वस्तु तथा सेवाको ४ वर्ग अन्तर्गत कृषी तथा वन वर्गको १.९६ प्रतिशत (कृषीको १.०५ प्रतिशत र वन क्षेत्रको ०.९१ प्रतिशत) योगदान रहेको थियो। बाँकी अन्य वर्ग अन्तरगत होटल तथा रेष्टुरेण्टको ०.२५ प्रतिशत यातायात, संचार र भण्डारण वर्गको ०.०९ प्रतिशत र विद्युत ग्यास तथा पानी वर्गको ०.०१ प्रतिशत योगदान रहेको थियो।त्यसैगरी आर्थिक वर्ष २०७७/७८ मा कृषी तथा वन वर्गको १.०३ प्रतिशत (कृषीको ०.५५ प्रतिशत र वन क्षेत्रको ०.४८ प्रतिशत) योगदान रहेको छ। अन्य वर्ग अन्तरगत होटल तथा रेष्टुरेण्टको ०.०४ प्रतिशत यातायात, संचार र भण्डारण वर्गको ०.०२ प्रतिशत र विद्युत ग्यास तथा पानी वर्गको ०.००३ प्रतिशत योगदान रहेको थियो।

यस अध्ययनबाट प्राप्त नतिजाहरूका आधारमा संरक्षित क्षेत्रले आगामी दिनमा नेपालको अर्थतन्त्रमा योगदान बढाउन निम्न विषयहरूमा केन्द्रित भइ कार्यक्रमहरू सञ्चालन गर्न सिफारिश गरिएको छ

- परम्परागत रुपमा हुँदै आएको खेती बालीलाई उच्च मूल्य पर्ने तथा वन्यजन्तुले समेत कम हानी नोक्सानी पुर्याउन सक्ने बालीहरूद्वारा विस्तापित गर्ने कार्यलाई मध्यवर्ती क्षेत्रमा निरन्तरता दिने र उक्त कार्यलाई थप प्रभावकारी ढङ्गले अगाडि बढाउनुपर्ने |
- त्यसैगरी मध्यवर्ती क्षेत्रमा विद्यमान वन जंगल लगायत अन्य प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन एवं सदुपयोग गर्न उक्त स्रोतहरूमा आधारित उद्यम विकास गर्ने |यसरी स्थापना गरिएका उद्योगहरूबाट उत्पादीत उत्पादनको मूल्य अभिवृद्धि श्रृंखला थप विकास गरी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तार गरी निरन्तर आपूर्ति कार्य अगाडि बढाउनु उपयुक्त हुने|
- हाल रहेको मध्यवर्ती क्षेत्रका सामुदायिक वनका वन व्यवस्थापन कार्ययोजनालाई पुनरावलोकन गरी यस क्षेत्रभित्र रहेका व्यवसायीकरण गर्न सकिने सम्भावित अन्य जडीबुटी

एवं गैरकाष्ठ वन पैदावारहरूको समेत विस्तृत स्रोत मापन गरी उपयुक्त उद्यम विकास गर्न उपयुक्त हुने|

- यसका लागि स्थानीय परिवेश अनुसारको उपयुक्त सरकारी, निजी, सहकारी साझेदारीको नमुना ढाँचा तयार गरी अगाडि बढाउन आवश्यक रहेको |
- स्थानीय समुदायको कृषि तथा वनमा आधारित आम्दानीका अलावा संरक्षित क्षेत्रले पर्या-पर्यटन प्रबर्द्धन समेतबाट फाइदा पुर्याउने हुदाँ प्रकृतिमा आधारित पर्यटनको प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी त्यहाँ बसोबास गर्ने जन समुदायहरूलाई पर्यटन पूर्वाधार एवं व्यवसाय सञ्चालन गर्न soft loan, subsidy इत्यादि उपलब्ध गराई निरन्तर प्राविधिक ज्ञान एवं सीप प्रदान गर्न आवश्यक संरचना बनाई सेवा प्रवाह गर्ने|

१. पृष्ठभूमि (Background)

वन क्षेत्रको संरक्षण, उपयोग र दिगो व्यवस्थापन गर्नको लागि वन नीति, २०७५ तथा वन ऐन, २०७६ कार्यान्वयनको अवस्थामा रहेको छ। नेपालको कूल भू-भागको ४४.७६ प्रतिशत वन क्षेत्रले र २३.३९ प्रतिशत भु-भाग संरक्षित क्षेत्रले ओगटेको छ। नेपालमा रहेको ११८ प्रकारका पारिस्थितिकीय प्रणाली मध्ये ८० वटा यिनै संरक्षित क्षेत्र भित्र पर्दछन् (DNPWC, २०७९)। वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता र जलाधार व्यवस्थापनलाई समेट्ने यो क्षेत्र प्रत्यक्ष रुपमा पर्यापर्यटन, जलविद्युत, कृषि ,पशुपालन, स्वच्छ पर्यावरण र वन तथा जडीबुटीमा आधारित उद्योगसँग पनि गाँसिएको छ।यस क्षेत्रबाट प्राप्त हुने काठ, दाउरा, जडिबुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार समृद्धिका आधार हुन्। केही आधारहरूको सदुपयोग तथा संवर्द्धन गर्नको लागि वन तथा वातावरण मन्त्रालय अन्तर्गत विभिन्न स्तरबाट विकास कार्यक्रमहरू सञ्चालित छन्।

पन्ध्रौं योजनामा वनले ढाकेको क्षेत्रफल ४५% कायम राखी अर्थतन्त्रमा यसको योगदान उल्लेखनीय वृद्धि गर्ने दीर्घकालीन सोच लिएको छ।सो योजनाले सबै संरक्षित क्षेत्रहरूमा जैविक विविधताको संरक्षण गर्ने; गुणात्मक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने; संरक्षणमुखी वन व्यवस्थापनलाई दिगो प्रयोग गर्ने; कृषि वनको विस्तार मार्फत जलधार व्यवस्थापन र पर्यावरणीय पद्धति संरक्षण गर्ने; प्रतिवर्ष १३ करोड क्युबिक फिट काठ दिगो रुपमा उत्पादन गर्ने; कुल निर्यातमा वनजन्य तथा जडिबुटीको उत्पादनको हिस्सा १० प्रतिशत पुर्याउने; र वनजन्य व्यवसायहरूमा १५ लाख रोजगारी उपलब्ध गराउने लगायतका दीर्घकालीन लक्ष्यहरू निर्धारण गरिएको छ।

आर्थिक वर्ष २०७६/७७ मा कृषि क्षेत्रको योगदान ३०.७ प्रतिशत रहेको थियो भने उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २७.४ प्रतिशत र १०३.२ प्रतिशतले ऋणात्मक रहेको थियो (MoF, २०७७/७८)।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन अनुसार २३.३९ प्रतिशत भुभाग संरक्षित भइसकेको छ। यस क्षेत्रबाट तुलनात्मक लाभ लिन सकिने प्रचुर सम्भावना रहेको छ। यसको दिगो व्यवस्थापन मार्फत आय एवं रोजगारी वृद्धि गरी मुलुकको समृद्धिमा महत्वपूर्ण योगदान पुर्याउन सकिन्छ। हाल यस क्षेत्रले उत्पादन, उपभोग, निर्यात, राजस्व संकलन, उद्योग-ब्यापार, रोजगारी, पर्यटन आदिमा धेरथोर योगदान गरिरहेको छ। तर संरक्षित क्षेत्रको अर्थतन्त्रमा उल्लेख्य रुपमा योगदान पुग्नेगरी व्यवसायिक व्यवस्थापन र उपयोग गर्न सकेको छैन। त्यसैले यस क्षेत्रले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा समग्र अर्थतन्त्रको विभिन्न पक्षमा पुर्याएको योगदान अनुमान गर्ने उद्देश्यले यो अध्ययन गरिएको छ।

अध्ययनका उद्देश्य तथा क्षेत्र

यस अध्ययनका उद्देश्य तथा क्षेत्रहरू निम्न बमोजिम रहेका छन्ः

- संरक्षित क्षेत्रले नेपालको अर्थतन्त्रमा पारेको प्रभाव अध्ययन गर्ने।
- नेपालका संरक्षित क्षेत्रहरूको संक्षिप्त परिचय प्रस्तुति सँगै तिनीहरूको सबल र दुर्बल पक्षहरू र अवसर तथा चुनौतीहरू उल्लेख गर्ने;
- राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना, प्रकृतिमा आधारित पर्यटन कार्यक्रमहरूका साथै राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गत सञ्चालित अन्य विकास कार्यक्रमहरूको समष्टिगत प्रभावको विश्लेषण गर्ने;
- संरक्षित क्षेत्रले राजस्व संकलन, रोजगारी, पर्यटन आदिमा खेलेको भूमिकाको समीक्षा गर्ने;
- संरक्षित क्षेत्रहरूले नेपाली जनताको जनजीविकामा पारेको प्रभाव विश्लेषण गरी तिनीहरूको समग्र प्रभावकारिताबारे समिक्षा गर्ने;
- उद्यममैत्री वन व्यवस्थापन प्रणाली स्थापित गर्न र हरित उद्धम विकास गर्नको लागि सरकारी, निजी तथा सहकारी क्षेत्रको समग्र भूमिकाको समिक्षा गरि उपयुक्त रणनिति तय गर्ने; र
- संरक्षित वन क्षेत्रको दिगो ब्यबस्थापनको सिद्धान्त भित्र रहेर राष्ट्रिय गौरवका रुपान्तरणकारी तथा राष्ट्रिय प्राथमिकताका पूर्वाधार विकास आयोजना निर्माणको लागि मार्ग प्रशास्त गर्ने व्यवहारिक रणनीती तयार गर्ने।

२. अध्ययनको सैधान्तिक अवधारणा र विधि (Theoretical Concept and Methodology)

२.१ अध्ययनको सैधान्तिक अवधारणा (Theoretical Concept of the Study)

यस अध्ययनले संरक्षित क्षेत्रबाट प्राप्त लाभलाई दुइ प्रकारमा वर्गीकरण गरेको छ (चित्र १.)। सहज उपयोगका लागि यसरी प्राप्त आर्थिक योगदानलाई प्रत्यक्ष र अप्रत्यक्ष मूल्यहरूको रुपमा मापन गर्न सकिन्छ। वातावरनीय योगदानलाई इकोलोजिकल सुचकको रुपमा मापन गर्न सकिन्छ जस्तै वन्यजन्तु र वनस्पति प्रजातिहरूको संख्या र विविधतामा आएको परिवर्तन।



चित्र नं.। संरक्षित क्षेत्रबाट प्रवाह हुने आर्थिक लाभहरू

संरक्षित क्षेत्रबाट प्राप्त हुने वस्तु तथा सेवाहरूको वर्गीकरण गर्न विभिन्न अध्ययनहरूले फरक फरक अध्ययन विधीहरू अपनाएका छन। संरक्षित क्षेत्र व्यवस्थापनका उदेश्यहरूका आधारमा ति सबै विधीहरू सहज तरिकाले लागू गर्न सकिने हुँदैनन। संरक्षित क्षेत्रले नेपालको अर्थतन्त्रमा पारेको प्रभाव मूल्याङ्कन गर्न संरक्षित क्षेत्रबाट प्राप्त 'आर्थिक' र' 'वातावरणीय' योगदानहरूलाई थप विभिन्न सेवाहरूमा वर्गिकरण गरिएको छ। यस अध्ययनले मिलिनिएम इकोसिस्टम एसेस्मेन्ट प्रतिवेदन २००५ (Millennium Ecosystem Assessment-MEA, २००५) र द इकोनोमिक्स अफ इकोसिस्टम एंड बायोडाइभरसिटि २०१० (The Economics of Ecosystem and Biodiversity-TEEB, २०१०) ले उल्लेख गरे बमोजिमका चार प्रकारका सेवाहरूलाई सैद्धान्तिक हिसाबले संरक्षित क्षेत्रबाट प्राप्त हुने सेवाहरूका रुपमा अवलम्बन गरेको छ।

माथी उल्लेखित सैधान्तिक अवधारणा बमोजिम संरक्षित क्षेत्रले नेपालको अर्थतन्त्रमा पुर्याएको आर्थिक योगदानको अनुमान गर्न उपयुक्त हुने भनि अवलम्वन गरिएको हो। साथै National Income Accounting Framework मा आधारित भएर आर्थिक मुल्यांकन (economic evaluation) सम्बन्धि सूचनाहरू सक्दो उपलब्ध गराउने प्रयत्न गरिएको छ। System of National Accounts (SNA) ले यस सम्बन्धि framework, २००८ अनुसार सबै किसिमको आर्थिक क्रियाकलापलाई १८ वटा प्रकारमा वर्गीकरण गरेको छ। अठार वटा क्षेत्रहरू (अनुसूची २ मा संलग्न) मध्ये ६ प्रकारका क्षेत्रहरू संरक्षित क्षेत्रसँग सम्बन्धित छन् जस्तै : वन तथा कृषि; मत्सय; खानी तथा उत्खनन्; विधुत, ग्याँस तथा पानी; आवास तथा भोजन र यातायात, संचार तथा भण्डारण यस अध्ययनमा संलग्न एवम् अनुमान गरिएका तथ्यांक एवं सूचनाहरूमा मत्सय र खानि तथा उत्खनन् क्षेत्रको योगदान आर्थिक रुपले नगन्य देखिएकोले बाँकी ४ क्षेत्रको तथ्यांकहरू मात्र विश्लेषण गरिएको छ।

इकोलोजिकल सेवाहरूको आर्थिक मूल्याङ्कन गर्न सबै भन्दा बढी प्रयोग हुने विधि MEA २००५/TEEB, २०१० बमोजिम निम्म ४ प्रकारका सेवाहरूमा संरक्षित क्षेत्रबाट प्राप्त वस्तु तथा सेवाहरूलाई वर्गीकृत गरिएको छ।

१) प्रावधान गरिएको सेवाहरू (Provisioning Services)

प्रत्यक्ष रुपमा प्रयोग गर्न सकिने वस्तुहरूको उत्पादन अथवा संरक्षिक क्षेत्रबाट संकलित आर्थिक मूल्य भएका वस्तुहरू जस्तै काठ, गैर काष्ठ वन पैदावारहरू खाद्य वस्तु एवं फाइबर, बालुवा, माटो, ढुंगा इत्यादि यस सेवाक्षेत्र भित्र पर्दछन।

२) नियामकीय सेवाहरू(regulating services)

यस सेवा क्षेत्र भित्र वायु गुणस्तर, पानी, जलवायु, रोग (किरा नियन्त्रण इत्यादि) को नियमन पर्दछ। संरक्षित क्षेत्रले पारिस्थितिकीय सेवाहरू उत्पादन तथा नियमन गर्न लगानी गरेको आर्थिक

योगदानहरू यस क्षेत्रभित्र पर्दछन जस्तैः खानेपानी, विधुत उत्पादन, कार्बन सञ्चितिकरण, राष्ट्रिय निकुन्ज/वन्यजन्तु आरक्ष /संरक्षण क्षेत्र को जैविक विविधता संरक्षणका लागि सरकारद्वारा प्राप्त गरिएका अन्तर्राष्ट्रिय सहयोग।

३) सांस्कृतिक सेवाहरू (cultural services)

यस सेवाभित्र aesthetic, spiritual recreational, ecotourism, शैक्षिक सेवाहरू पर्दछन्। उद्योग तथा रेष्टुरेन्ट भित्रको मुल्यअभिवृद्धि (value addition), पर्यटन क्षेत्रसँग सम्बन्धित क्रियाकलापहरू (tourist guard ,elephant safari इत्यादी) को मूल्य अभिवृद्धि तथा प्रवेश शुल्क, जरीवाना, संरक्षित क्षेत्रको राजश्व।

४) सहयोगी सेवाहरू (Supporting services)

सहयोगी सेवाहरू लगभग नियमिक सेवाहरू जस्तै हुन्। तर सहयोगी सेवाहरू मानिसहरूले प्रतक्ष रुपमा प्रयोग नगरी अप्रतक्ष रुपमा गर्ने गर्दछन जस्तै आर्थिक क्रीयाकलापका उत्पादन कार्य , कृषि तथा पशुपालन उत्पादन लगायत माटो निर्माण प्रक्रिया (Soil Formation, nutrient recycling) र क्षयिकरण नियन्त्रण इत्यादी यस सेवा भित्र पर्दछन।

२.२ अध्ययन क्षेत्र, तथ्यांक सङ्कलन तथा विश्लेषण विधि एवं प्रतिवेदन तयारी (Study Area, Data Collection and Analysis Methodology, and Report Preparation)

यो अध्ययन मुख्यतः संरक्षित क्षेत्रले नेपालको आर्थिक, सामाजिक र वातावरणिय पक्षमा पारेको प्रभावका बारेमा प्रकाशित विभिन्न दस्तावेजहरू (secondary literatures) विश्लेषणमा आधारित छ। यसका अलावा विषयगत विज्ञसँगको परामर्श र विषयगत मन्त्रालय तथा विभागहरूमा उपलब्ध तथ्याङ्क सङ्कलन गरी संरक्षित क्षेत्रले पारेको आर्थिक प्रभाव अध्ययनको विश्लेषण सहितको निष्कर्ष प्रस्तुत गरिएको छ।

देहायका प्रकृया तथा अध्ययन विधिहरू अबलम्बन गरि अध्ययन कार्य सम्पन्न गरिएको छ।

२.२.१ अध्ययन क्षेत्र

अध्ययनका क्षेत्रहरू वन तथा वाताबरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग, वन्यजन्तु संरक्षण विभाग, वन अनुसन्धान तथा तालिम केन्द्र, राष्ट्रिय प्रकृति संरक्षण कोष र राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाडौं रहेका छन्।

२.२.२ सन्दर्भ सामग्रीहरूको अध्ययन तथा पुनराबलोकन (Literature Review)

यस विधिमा बिभिन्न समयमा वन तथा बातावरण मन्त्रालय राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष, वन अनुसन्धान तथा तालिम केन्द्र, बिश्व-बिधालय र अन्य सम्बन्धित निकायहरू बाट प्रकाशित प्रतिवेदन, बुलिटेन ,पुस्तक, शोधपत्र र कर दस्तुर उठाउन गरेका विद्यमान अभ्यासहरू, कार्यान्वयन हुन् बाकी सान्दर्भिक र कार्यान्वयन योग्य सुझावहरूलाई समेत अध्ययन गरिएको छ। साथै यो अध्ययनसित आकर्षित हुने ऐन , नियमावली, कार्यविधि, नीतिहरूको समेत अध्ययन र पुनराबलोकन गरिएको छ।

२.२.३ मुख्य सूचनादाताहरू सितको छलफल (Primary Data Collection)

मुख्य सुचानादताहरूमा वन तथा वाताबरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन अनुसन्धान तथा तालिम केन्द्रका महानिर्देशक/उप-महानिर्देशकज्युहरू, सम्बन्धित शाखा तथा महाशाखा प्रमुखहरू तथा विभागका महानिर्देशक/उप-महानिर्देशकज्युहरूले तोकेका अधिकारीहरू लगाएत राष्ट्रिय प्रकृति संरक्षण कोषको अधिकारी समेत सित छलफल तथा फोन र इन्टरनेटको माध्यमबाट प्राथमिक सूचना तथा तथ्यांक संकलन गरिएको छ।

२.२.४. द्वित्तीय तथ्यांङक सङ्कलन बिधि (Secondary Data Collection)

यस विधिमा चेकलिस्ट तयार गरि सरोकार राख्ने वन तथा बातावरण मन्त्रालय ,वन तथा भू-संरक्षण विभाग ,राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु विभाग ,वन अनुसन्धान तथा तालिम केन्द्रबाट बिभिन्न समयमा प्रकाशित प्रतिबेदन, बुलेटिन ,पुस्तक, शोधपत्र र विद्यमान अभ्यासहरू, कार्यान्वयन हुन् बाकी सान्दर्भिक र कार्यान्वयन योग्य सुझावहरूलाई अध्ययनको क्रममा secondary data को रुपमा लिइएको छ।

२.२.५ तथ्यांङक तथा सुझावहरू तालिकिकरण बिश्लेषण एवं प्रतिवेदन तयारी (Data Tabulation, Analysis and Report Writing)

यस विधिमा विभिन्न सरोकारवालाहरू र मुख्य सुचानादताहरू बाट आएका संरक्षित क्षेत्रको थप सुदृढ संरक्षण, व्यवस्थापन, दिगो उपयोगका सम्बन्धमा प्राप्त सुझावहरू र तथ्यांङकहरूलाई तालिकीकरण र MS-excel विधिबाट विश्लेषण गरि प्रतिबेदन तयार गरिएको छ।

सन् २०१७ मा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग मार्फत गरिएको अध्ययन अनुसार विभिन्न चार प्रकारका सेवा क्षेत्रहरू मध्ये सांस्कृतिक सेवा सम्बन्धी तथ्यांक मात्र संकलन गर्न सकिने देखिएको हुँदा बाँकि ३ क्षेत्रहरू (प्रावधान गरिएका सेवाहरू, नियामकीय सेवाहरू र सहयोगी सेवाहरू) को मूल्यलाई स्थिर (constant) मानी सांस्कृतिक सेवा क्षेत्रको मुल्यांकन आ.व. २०७७/७८ को उपलब्ध तथ्यांक अनुसार गरिएको छ र सोहि अनुसार राष्ट्रिय अर्थतन्त्रमा संरक्षित क्षेत्रको योगदान अनुमान गरिएको छ।

३. संरक्षित क्षेत्रहरूको संक्षिप्त परिचय लगायत तिनीहरूको सबल दुर्वल पक्षहरू र अवसर तथा चुनौती

३.१ संरक्षित क्षेत्रहरूको संक्षिप्त परिचय

नेपाल जैविक विविधताको दृष्टिकोणले धनी देशको रुपमा विश्वसामु परिचित छ। भौगोलिक क्षेत्रफलको हिसाबले सानो भएतापनि नेपालको फैलावट समुद्र सतहको ६३ मि. देखि ८८४८.८६ मि. सम्म रहेको छ। जसका कारण सानो क्षेत्रफल र छोटो भौगोलिक दूरी भित्र पनि विविध प्रजातिका वन्यजन्तु तथा वनस्पतिहरूको बासस्थान रहेको छ। यहाँ उष्ण प्रदेश देखि टुंड्रा क्षेत्र सम्मका वन्यजन्तु र वनस्पति प्रजातिहरू रहेको छ। नेपालको भूगोल भित्र ६९७६ प्रजातिका फूल फुल्ने प्रजातिहरूको समेत ११९७१ प्रजातिका वनस्पति, ६५३ प्रजातिका पुतली, ३९५८ प्रजातिका मोथ, २३० प्रजातिका माछ्रा, ५६ प्रजातिका अभायाचर , १३६ प्रजातिका घस्रने प्राणी (७९ प्रजातिका सर्प समेत गरी), ८७८ प्रजातिका चरा, २१० प्रजातिका स्तनधारी वन्यजन्तु लगायत ११८६१ प्रजातिका प्राणीहरूको अस्तित्व पहिचान भइसकेको छ (DNPWC, २०७५)।

यहाँको प्राकृतिक वातावरणमा पाइने यस्ता वन्यजन्तु वनस्पति र भू-दृष्टिकोण साथै समग्र परिस्थितिकिय प्रणालीलाई संरक्षण व्यवस्थापन र दिगो उपयोग गरी देशको समृद्धिमा सहयोग पुर्याउने उद्देश्यका साथ विक्रम संवत २०३६ मा तत्कालीन वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको स्थापना भएको हो। नेपालमा विद्यमान ११८ किसिमका परिस्थितिकिय प्रणाली मध्ये ८० किसिमका परिस्थितिकिय प्रणाली संरक्षण क्षेत्रभित्र पर्दछन्।

यिनीहरूको संरक्षण संवर्द्धन तथा व्यवस्थापन गर्ने उद्देश्यले हालसम्म १२ राष्ट्रिय निकुञ्ज, १ वन्यजन्तु आरक्ष, १ शिकार आरक्ष,६ संरक्षण क्षेत्र र १३ मध्यवर्ती क्षेत्र घोषणा भई संरक्षण तथा व्यवस्थापकीय कार्यहरू सञ्चालन हुँदै आएको छ। यी क्षेत्रहरू मध्ये संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्र मानव बस्ती सहितका क्षेत्र हुन्। यी संरक्षित क्षेत्रहरू ले नेपालको भूभागको २३.३९ प्रतिशत अर्थात ३४४१९.७५ वर्गकिलोमिटर क्षेत्र ओगटेको छ। साथै दुईवटा प्राणी उत्थान अरु स्थापना भई निर्माणाधीन अवस्थामा रहेका छन्। नेपालमा औपचारिक रुपमा संरक्षण कार्य प्रजाति संरक्षणहरू बाट प्रारम्भ भई क्रमिक रुपमा परिस्थितिकिय प्रणाली हुँदै भु-परिधिस्तरमा जनसहभागितामूलक पद्धतिमा रूपान्तरण भएकोले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विशिष्ट पहिचान बनाउन सफल भएको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को पाँचौं संशोधनले जैविक मार्गको संरक्षण र सम्वर्द्धन सम्बन्धी थप कानुनी व्यवस्था गरी संरक्षण कार्यालाई थप संस्थागत बनाएको छ (DNPWC, २०७९)।



चित्र नं. ii नेपालका संरक्षित क्षेत्रहरू (DNPWC)

संरक्षित क्षेत्रहरू निम्नानुसार रहेका छन्:

सि.नं.	संरक्षित क्षेत्रको नाम	विवरण
१.	**चितवन राष्ट्रिय निकुञ्ज**	स्थापना: २०३० साल (सन् १९७३) राजपत्रमा सूचना प्रकाशित मिति : २०३०/०६/०४ क्षेत्रफल: ९५२.६३ वर्ग कि.मि मध्यवर्ती क्षेत्र घोषणा : २०५३ साल मंसिर १७ गते(सन् १९९६) मध्यवर्ती क्षेत्र क्षेत्रफल: ७२९.३६ वर्ग कि.मि चितवन राष्ट्रिय निकुञ्ज नेपालको पहिलो राष्ट्रिय निकुञ्ज हो।
२.	**बर्दिया राष्ट्रिय निकुञ्ज**	स्थापना: २०३२ साल (सन् १९७६) क्षेत्रफल: ९६८ वर्ग कि.मि मध्यवर्ती क्षेत्र घोषणा : २०५३ साल मध्यवर्ती क्षेत्र क्षेत्रफल: ५०६ वर्ग कि.मि.
३,	**सगरमाथा राष्ट्रिय निकुञ्ज**	स्थापना: २०३२ साल (सन् १९७६) क्षेत्रफल: ११४८ वर्ग कि.मि

		मध्यवर्ती क्षेत्र घोषणाः २०५८ साल पौष १७ गते (सन् २००२) मध्यवर्ती क्षेत्र क्षेत्रफलः २७५ वर्ग कि.मी.
४.	**लाङटाङ राष्ट्रिय निकुञ्ज**	स्थापनाः २०३२ साल (सन् १९७६) क्षेत्रफलः १७१० वर्ग कि.मि मध्यवर्ती क्षेत्र घोषणाः २०५५ साल बैसाख १४ गते (सन् १९९८) मध्यवर्ती क्षेत्र क्षेत्रफलः ४२० वर्ग कि.मी.
५.	**रारा राष्ट्रिय निकुञ्ज**	स्थापनाः २०३२ साल (सन् १९७६) क्षेत्रफलः १०६ वर्ग कि.मि. मध्यवर्ती क्षेत्र घोषणाः २०६३ साल अशोज ९ गते (सन् २००६) मध्यवर्ती क्षेत्र क्षेत्रफलः १९८ वर्ग कि.मी.
६.	**शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज**	स्था पनाः २०४० साल (सन् १९८४) क्षेत्रफलः ३५५५ वर्ग कि.मि. मध्यवर्ती क्षेत्र घोषणाः २०५५ साल कार्तिक २ गते (सन् १९९५) मध्यवर्ती क्षेत्र क्षेत्रफलः १३४९ वर्ग कि.मी.
७.	**खप्तड राष्ट्रिय निकुञ्ज**	स्थापनाः २०४२ साल (सन् १९८४) क्षेत्रफलः २२५ वर्ग कि.मि. मध्यवर्ती क्षेत्र घोषणाः २०६३ साल कार्तिक १३ गते (सन् २००६) मध्यवर्ती क्षेत्र क्षेत्रफलः २१६ वर्ग कि.मी.
८.	**मकालु वरुण राष्ट्रिय निकुन्ज**	स्थापनाः २०४८ साल (सन् १९९१) क्षेत्रफलः १५०० वर्ग कि.मि. मध्यवर्ती क्षेत्र घोषणाः २०५५ साल माघ २५ गते (सन् १९९९) मध्यवर्ती क्षेत्र क्षेत्रफलः ८३० वर्ग कि.मी.
९.	**शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज**	स्थापना :२०५८ साल, सन् २००२ क्षेत्रफल :१५९ वर्ग कि.मि. मध्यवर्ती क्षेत्र घोषणाः २०७२ साल चैत्र १५ गते मध्यवर्ती क्षेत्र क्षेत्रफल :११८.६१ वर्ग कि.मी.
१०.	**बाँके राष्ट्रिय निकुञ्ज**	स्थापनाः २०६७ साल (सन् २०१०) क्षेत्रफलः ५५० वर्ग कि.मि.

		मध्यवर्ती क्षेत्र घोषणाः २०६७ असाढ २८ गते (सन् २०१०) मध्यवर्ती क्षेत्र क्षेत्रफलः ३४३ वर्ग कि.मी.
११.	शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज	स्थापनाः २०३१ साल (सन् १९७६) क्षेत्रफलः ३०५ वर्ग कि.मि. मध्यवर्ती क्षेत्र घोषणाः २०६१ असाढ २८ गते (सन् २०१०) मध्यवर्ती क्षेत्र क्षेत्रफलः २४३.५ वर्ग कि.मी.
१२.	पर्सा राष्ट्रिय निकुञ्ज	स्थापनाः २०३१ साल (सन् १९७६) क्षेत्रफलः ३०५ वर्ग कि.मि. मध्यवर्ती क्षेत्र घोषणाः २०६१ असाढ २८ गते (सन् २०१०) मध्यवर्ती क्षेत्र क्षेत्रफलः २४३.५ वर्ग कि.मी.
१३.	**कोशी-टप्पु राष्ट्रिय निकुञ्ज**	स्थापनाः २०३२ साल (सन् १९७६) क्षेत्रफलः १७५ वर्ग कि.मि. मध्यवर्ती क्षेत्र घोषणाः २०६१ भद्र १४ गते (सन् २००४) मध्यवर्ती क्षेत्र क्षेत्रफलः १७३ वर्ग कि.मी.
१४.	**ढोरपाटन शिकार आरक्ष**	स्थापनाः २०४४ साल (सन् १९८७) क्षेत्रफलः १,३२५ वर्ग कि.मि. ढोरपाटन शिकार आरक्ष नेपालको एक मात्र शिकार गर्न पाइने संरक्षित क्षेत्र हो यो शिकार आरक्ष रुकुम, बागलुङ र म्याग्दी जिल्लाको आंशिक भू-भागमा पहिलेको छ।
१५.	**अन्नपूर्ण संरक्षण क्षेत्र**	स्थापनाः २०४९ साल (सन् १९९२) क्षेत्रफलः ७६२९ वर्ग कि.मि. यो संरक्षण क्षेत्र कास्की, लमजुङ, म्याग्दी, मुस्ताङ र मनंग जिल्लामा फैलिएको छ। नेपाल सरकारले २०४९ साल श्रावण ५5 गते राजपत्रमा सूचना प्रकाशित गरी यस संरक्षण क्षेत्रको घोषणा गरेको हो। अन्नपूर्ण संरक्षण क्षेत्र नेपालको सबैभन्दा ठूलो संरक्षण क्षेत्र हो। यसको व्यवस्थापन स्थानीय जनताका सहयोग

		लिई राष्ट्रिय प्रकृति संरक्षण कोष बाट गरिदै आएको छ।
१६.	**मनास्लु संरक्षण क्षेत्र**	स्थापनाः २०५५ साल (सन् १९९८) क्षेत्रफलः १,६६३ वर्ग कि.मि. गोर्खा जिल्लामा रहेको यो संरक्षन क्षेत्र उत्तरमा मित्रराष्ट्र चीनको स्वशित क्षेत्र तिब्बतको सीमाना , पश्चिममा अन्नपूर्ण संरक्षण क्षेत्रको सिमानासम्म फैलिएको छ। यस क्षेत्रको उचाईं ६०० मि. देखि संसारको आठौं अग्लो चुचुरो मनास्लु (८,१६३ मि.) सम्म फैलिएको छ।
१७.	**कन्चनजंगा संरक्षण क्षेत्र**	स्थापनाः २०५४ साल (सन् १९९७) क्षेत्रफलः २,०३५ वर्ग कि.मि. यो संरक्षण क्षेत्र ताप्लेजुंङ्ग जिल्लाको उत्तरतर्फका गाउँपालिकामा फैलिएको छ। अग्ला टाकुराहरू र ठूला हिमनदीहरूको निमित्त प्रख्यात कन्चनजँघा क्षेत्रले दुर्लभ वन्यजन्तुको वासस्थान, विविध वनस्पति र जनजातिको समिश्रण रहेको यस क्षेत्रको सीमाना मित्रराष्ट्र भारत र चीन संगै जोडिएकोले सीमापार संरक्षण (Transboundary Conservation) का निमित्त पनि राम्रो अवसर प्रदान गर्दछ।
१८.	**अपि-नम्पा संरक्षण क्षेत्र**	स्थापनाः २०६७ साल (सन् २०१०) क्षेत्रफलः १,९०३ वर्ग कि.मि. दार्चुला जिल्लाको उत्तरी क्षेत्रमा पर्ने अपि-नम्पा संरक्षण क्षेत्रको पूर्वमा बझांङ्ग जिल्ला, पश्चिममा महाकाली नदी, उत्तरमा मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा लास्कु खोला र नैगाड खोला रहेका छन्।
१९.	**गौरीशंकर संरक्षण क्षेत्र**	स्थापनाः २०६६ साल (सन् २०१०) क्षेत्रफलः २,१७९ वर्ग कि.मि. गौरीशंकर संरक्षण क्षेत्रको पूर्वमा सगरमाथा राष्ट्रिय निकुन्ज, पश्चिममा लाङ्गटाङ्ग राष्ट्रिय निकुन्ज र उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछ।
२०.	**कृष्णसार संरक्षण क्षेत्र**	स्थापनाः २०६५ साल (सन् २००९) क्षेत्रफलः १६.९५ वर्ग कि.मि.

		बर्दिया जिल्लाको खैरापुर क्षेत्रमा प्राकृतिक अवस्थामा रहेको नेपालका लागि दुर्लभ वन्यजन्तु कृष्णसार संरक्षणका लागि गुलरिया नगरपालिका अन्तर्गतको १६.९५ वर्गकिलोमिटर क्षेत्र लाई नेपाल सरकारले २०६५ फागुन २३ गते कृष्णसार संरक्षण क्षेत्रको रुपमा घोषणा गरेको हो। क्षेत्रफल मध्ये कृष्णसारको बासस्थान क्षेत्र ५.२७ वर्ग किलोमिटर वरिपरिको प्रभावित क्षेत्र ११.६८ वर्ग किलोमिटर रहेको छ।

३.२ संरक्षित क्षेत्रको सबल तथा दुर्वल र अवसर तथा चुनौती

संरक्षित क्षेत्रसँग सम्बन्धित मुख्य सूचनादाताहरूसँगको छलफल लगायत सन्दर्भ सामग्री अध्ययन तथा पुनरावलोकन गर्दा निम्न बमोजिमको सबल तथा दुर्बल र अवसर तथा चुनौतिहरू रहेको पाइएका छन्:

सबल पक्ष	**दुर्वल पक्ष**
• संरक्षित क्षेत्रहरूको संरक्षण व्यवस्थापन एवम् सदुपयोगका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र राष्ट्रिय प्रकृति संरक्षण कोष अनवरत रूपमा कार्यरत रहेको। • दुवै संस्था स्पष्ट कार्यदिश, दूरदृष्टि र गन्तव्यका साथ संरक्षण क्षेत्रहरूको संरक्षण, व्यवस्थापन, सदुपयोग लगायत सबै पक्षहरूमा पहिल्यैदेखि कार्यरत रहेको	• अत्याधुनिक प्रविधि तथा सिप सम्बन्धी तालिमको अभावमा उपलब्ध जनशक्तिको क्षमतामा निरन्तर ह्रास आइरहेको • व्यवस्थापकीय पदमा कार्यरत जनशक्तिहरूको अनुमानयोग्य सरुवाको अभावमा व्यवस्थापकीय कार्यहरूको efficiency र effectiveness मा प्रश्नवाचक चिन्ह लाग्दै आएको
• दुवै संस्थाको आफ्नै लगभग सबै किसिमका आवश्यक पूर्वाधारहरू तयार भई उपयोगमा रहेको • सबै किसिमका क्षमतावान मानव स्रोतहरूको उपलब्धता रहेको • विभाग र अन्तर्गत निकायहरूमा १९०९ कर्मचारीहरूको दरबन्दी रहेको	• कार्यरत जनशक्तिहरूमा धेरैजसो आफ्नो जिम्मेवारीप्रतिको जवाफदेहितामा कमी देखिएको • record keeping र institutional memory सम्बन्धी अभ्यासको अभाव रहेको • ICT को उपलब्धता रहेपनि यसको पूर्ण क्षमतामा उपयोग हुन नसकेको

• संरक्षित क्षेत्रहरूको संरक्षण, व्यवस्थापन, सदुपयोग लगायतका सबै कार्यहरू प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक पर्ने सबै किसिमका संरचनागत एवं कार्यगत बजेटको सुनिश्चितता नेपाल सरकारबाट निरन्तर प्राप्त हुँदै आएको • दुबै संस्था सञ्चालनार्थ आ-आफ्नै स्पष्ट नीतिगत एवं कानुनी व्यवस्था रहेको	• संरक्षित क्षेत्रहरूबाट उपलब्ध गराइने सेवा प्रवाह अपेक्षित हिसाबमा जनमुखी र प्रभावकारी हुन नसकेको • विभाग र कोषमा उपलब्ध साधन स्रोत लगायत पूर्वाधारहरूको सन्तुलित सदुपयोग हुन नसकेको
• राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष लगायत १२ राष्ट्रिय निकुञ्ज, १ वन्यजन्तु आरक्ष, १ शिकार आरक्ष, ६ संरक्षण क्षेत्र र १३ मध्यवर्ती क्षेत्र घोषणा भई संरक्षण तथा व्यवस्थापकीय कार्यहरू सञ्चालन हुँदै आएको।	• Performance मा अधारित व्यवस्थापन प्रणालीको अभ्यासमा कमी देखिएको
• प्रधानमन्त्री, नेपाल सरकारको विभागीय मन्त्री लगाएत विभागको महानिर्देशक सम्मका पदाधिकारीहरूको अध्यक्षता संरक्षित क्षेत्रसँग सम्बन्धित विभिन्न विषयमा विभागको कार्यलाई दिशानिर्देश गर्न धेरै किसिमका संगठित संरचनाहरू स्थापना भई कार्यरत रहेको।	• Result मा आधारित अनुगमन तथा मुल्यांकन लगायत दण्ड र पुरस्कार सम्बन्धी अभ्यासहरूमा कार्यान्वयन पक्ष दुर्बल रहेको
	• संरक्षित क्षेत्रभित्र प्रकृतिमा आधारित पर्यापर्यटन प्रवर्धन मार्फत हुन् सक्ने सम्भावित लाभहरू पूर्ण रुपले प्राप्त गर्न नसकेको। • संरक्षित क्षेत्रभित्र रहेका कतिपय होटेल तथा रेस्टुरेन्टहरूको नियमन कार्य एवं राजश्व संकलन समेत सुचारु रुपले सञ्चालन हुन् नसकी रहेको। • संरक्षित क्षेत्रमा प्रकृतिमा आधारित पर्यटन कार्यक्रमका लागि हाल नेपाल सरकारबाट प्राप्त भइरहेको बजेट पर्यटन प्रवर्धन सम्बन्धी कार्यहरूका लागि नपुग रहेको।

	• बेलाबेलामा ट्रेड युनियनको सरुवा सम्बन्धी मामिलामा व्यवस्थापनसँग असान्दर्भिक सौदाबाजी (illogical bargaining) ।

अवसर	चुनौती
• संरक्षित क्षेत्रको नेपालको अर्थतन्त्रमा प्रशस्त योगदान रहेको • राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी एवं नीतिगत प्रावधानहरूमा संरक्षित क्षेत्रहरू को उचित संरक्षण, व्यवस्थापन एवं सदुपयोग गर्नुपर्छ भनी स्वीकार गरिएको	• संरक्षित क्षेत्रको संरक्षण व्यवस्थापन सदुपयोग लगायतका अन्य कार्यहरूमा राजनीतिक नेतृत्वको हस्तक्षेप (illogical interference) हुँदै आएको • संरक्षण क्षेत्र भित्र वन पैदावार र वन्यजन्तुको चोरी शिकारी तथा अवैध व्यापार
• नेपाल सरकार द्वारा संरक्षित क्षेत्रमा पर्यापर्यटनको थप प्रवर्द्धन एवं विकास गरी राष्ट्रिय अर्थतन्त्रमा यस क्षेत्रको योगदान बढाउन सकिन्छ भनि महसुस गरिएको	• संरक्षित क्षेत्रको सिमानाभित्र बस्ती र जग्गा अतिक्रमण
• संरक्षित क्षेत्र भित्र रहेको वन क्षेत्रबाट बजारमा माग भएको वस्तु तथा सेवाहरूको दिगो व्यवस्थापन गरी स्थानीय जनताको आय एवं रोजगारी समेत वृद्धि गर्दै राष्ट्रिय अर्थतन्त्रमा यस क्षेत्रको थप योगदान बढाउन सकिने potentiality रहेको	• कमजोर भौतिक संरचना र साधनस्रोतको अपर्याप्तता
	• विद्यमान कानुनको समयसापेक्ष संशोधनमा ढिलाइ • मानव वन्यजन्तु बीचको द्वन्द • प्राकृतिक स्रोत माथि बढ्दो मानव जनसांख्यिक चाप • वातावरण मैत्री र tourism diversification गर्न सक्ने पूर्वाधार विकास हुन नसक्नु
	• विशिष्ट अदालतको व्यवस्था नहुनु

	• घाइते वन्यजन्तुको व्यवस्थापन गर्न कठिनाई • नदिजन्य निर्माण सामग्रीको अवैध प्रयोगका नीतिगत द्विविधा • मिचाहा प्रजाति को व्यवस्थापन गर्न कठिनाई • वन्यजन्तुको व्यवस्थापन खुम्चिनु, छयीकारण हुनु तथा संरक्षित क्षेत्र बीचमा जैविक मार्ग सहज नहुनु • काठ दाउराको व्यवसायिक माग पूरा गर्न दिगो वन व्यवस्थापन पद्धतिमा आधारित वन व्यवस्थापन प्रणाली लागू हुन नसक्नु • बजारको माग अनुसार संरक्षित क्षेत्रबाट पूर्ति गर्न सकिने सम्भावित वन पैदावारहरूमा आधारित उद्योगहरूको विकास लगायत अन्य मूल्य श्रृंखलाहरूको बिकास समुचित ढंगले हुन नसक्नु।

४. संरक्षित क्षेत्र संग सम्बन्धित ऐन, कानून तथा नीतिहरू

ऐन	नियमावली
• राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ • सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ • वातावरण संरक्षण ऐन, २०७६ • वन ऐन, २०७६	• राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ • सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ • वातावरण संरक्षण ऐन, २०७६ • वन ऐन , २०७६
•	• हात्तीको व्यवस्था गर्ने नियमहरू, २०२२ • राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० • चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३० • वन्यजन्तु आरक्षण नियमावली, २०३४ • हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६

	• खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४
	• मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ • बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली,२०५३ • संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ • संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७
	• कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४ • बाँके राष्ट्रिय निकुञ्ज नियमावली, २०७१ • शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नियमावली, २०७६ • सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ • वातावरण संरक्षण नियमावली, २०७७

रणनीति	निर्देशिका
• वन अतिक्रमण रणनीति , २०६८ • वन क्षेत्र रणनीति, २०७२	• मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका,२०५६ • संरक्षण क्षेत्र व्यवस्थापन निर्देशिका,२०५६ • वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ (संशोधन , २०७५) • राष्ट्रीय प्राणी उद्यान केन्द्र सञ्चालन निर्देशिका, २०७२ • यार्सागुम्बा व्यवस्थापन संकलन तथा ओसारपसार निर्देशिका,२०७३
मापदण्ड	**दिग्दर्शन**
• मध्यवर्ती क्षेत्र) उद्योग स्थापना र सञ्चालन (मापदण्ड, २०६२	• संरक्षित क्षेत्रको कार्यक्रम कार्यान्वयन दिग्दर्शन, २०७३
कार्यविधि	**प्रमुख नीति तथा कार्यनीति**
• हिमाली तथा पहाडी संरक्षित क्षेत्र भित्र साहसिक पर्यटकीय सेवाहरू सञ्चालन गर्ने सम्बन्धी कार्यविधि,२०६७ • संरक्षित क्षेत्र अनुसन्धान कार्यविधि, २०६९ • सगरमाथा राष्ट्रिय निकुञ्ज भित्र होटेल, लज तथा चिया पसल सञ्चालन कार्यविधि, २०७० • लाङटाङ राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र भित्र होटल, लज तथा चिया पसल सञ्चालन कार्यविधि, २०७० • वन्यजन्तुको अखेटोपहार व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७२ • सुराकी परिचालन कार्यविधि, २०७२ • संरक्षित क्षेत्रको व्यवस्थापन योजना तयारी कार्यविधि,२०७३	• घरपालुवा हात्ती व्यवस्थापन नीति, २०६० • वन्यजन्तु पालन प्रजनन तथा अनुसन्धान कार्यनीति, २०६० • निकुञ्ज आरक्ष वा संरक्षण क्षेत्र गैर सरकारी वा अन्य संस्थालाई व्यवस्थापन गर्न दिने नीतिको सम्बन्धमा अवलम्बन गरिने कार्य प्रक्रिया, २०६० • संरक्षित क्षेत्र भित्र भौतिक पूर्वाधारहरूको निर्माण एवं सञ्चालन सम्बन्धी कार्यनीति,२०६५ • राष्ट्रिय सिमसार नीति, २०६९ • राष्ट्रिय वन नीति, २०७५

• वन्यजन्तु उद्धार केन्द्र व्यवस्थापन कार्यविधि, २०७३	
विविध राष्ट्रिय बाघ संरक्षण सम्बन्धी नेपालको गठन तथा काम कर्तव्य र अधिकार, २०६७ राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति र वन्यजन्तु अपराध नियन्त्रण एकाइको संगठित ढाँचा तथा काम, कर्तव्य र अधिकार, २०६७	

तालिका नं. ¡ संरक्षित क्षेत्र संग सम्बन्धित ऐन, कानून तथा नीतिहरू (DNPWC)

५. जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धी नेपाल पक्षधर रहेका अन्तराष्ट्रिय सन्धि र सम्झौताहरूको विवरण

क.सं.	सन्धि र महासन्धि	सदस्य भएको वर्ष	सन्धि/सम्झौताको उद्देश्य
१	CITES (Convention on International Trade In Endangered Species of Wild Fauna and Flora)	1975	राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा दुर्लभ वन्यजन्तु तथा वनस्पतिको चोरी सिकार तथा अवैध व्यापार नियन्त्रण गर्ने।
२	IUCN (International Union for Conservationof Nature)	1975	दुर्लभ तथा संकटापन्न प्रजातिको अस्तित्व र अवस्था आँकलन गरी सोही अनुसार संरक्षण कार्यक्रम बनाई लागू गर्ने।
३	UNESCO/WHS (United Nations Educational, Scientific and Cultural Organization/World Heritage Site)	1978	महत्वपूर्ण एवम् विशेष प्राकृतिक क्षेत्रहरूलाई विश्वसम्पदा सूचीमा समावेश गरी ती क्षेत्रहरू universal Outstaning Value को संरक्षण र व्यवस्थापन गर्ने। सन् १९७९ मा सगरमाथा राष्ट्रिय निकुञ्ज र सन् १९८४ मा चितवन राष्ट्रिय निकुञ्ज विश्व सम्पदा सूचीमा सूचीकृत भएका छन्।
४	Ramsar Convention	1987	विभिन्न महत्वका सिमसार क्षेत्रहरूको संरक्षण व्यवस्थापन तथा बुद्धिमत्तापूर्ण उपयोग कार्यमा टेवा पुर्याउने।
५	CBD (Convention on Biological Diversity)	1992	जैविक विविधताको संरक्षण यसका अवयवहरूको दिगो उपयोग तथा यसबाट प्राप्त हुने लाभहरूको समन्यायिक बाडफाड गर्ने।

६	GTF (Global Tiger Forum)	1994	दुर्लभ बन्यजन्तु, पाटे बाघको संरक्षण संरक्षणमुखी कार्यक्रमहरूबाट स्थानीयबासीहरूको जीवनस्तरमा सुधार गर्ने।
७	APAP (Asia Protected Areas Partnership)	2014	एशिया क्षेत्रमा भएका संरक्षित क्षेत्रहरू सँग समन्वय, Best Practices बारेमा अनुभव आदानप्रदान गर्ने।
८	SAWEN (South Asia Wildlife Enforcement Network)	2016	दक्षिण एसियाका आठ वटा देशमा हुने वन्यजन्तुको अपराध नियन्त्रण गर्न समन्वय र क्षमता अभिवृद्धि गर्ने।

तालिका नं. ii जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धी नेपाल पक्षधर रहेका अन्तराष्ट्रिय सन्धि र सम्झौताहरूको विवरण (DNPWC)

६. संरक्षित क्षेत्रका कार्यक्रमहरूको विश्लेषण

६.१ कार्यक्रम सञ्चालनका आधार

संरक्षित क्षेत्र प्रणालीको संरक्षण कार्यक्रम तर्जुमा गर्दा दिगो विकाशका लागि प्रकृति संरक्षणको राष्ट्रिय रणनीतिक प्रारूप २०७२, नेपाल जैविक विविधता रणनीति र कार्ययोजना (Nepal Biodiversity Strategy and Action Plan), राष्ट्रिय वन नीति, २०७५ र वन क्षेत्रको रणनीति २०७२ द्वारा प्रतिपादित सिद्धान्त तथा सरकारी आवधिक योजनाको दीर्घकालीन सोच र दिगो विकाशको लक्ष्य अनुरूप गर्ने गरिएको छ। त्यसैगरी तराईको बाघ पाइने संरक्षित क्षेत्रलाई समेटी तराई भू-परिधीय रणनीति र कार्ययोजना (२०१५-२०२५) तथा चितवन राष्ट्रिय निकुञ्ज र अन्नपूर्ण संरक्षण क्षेत्रको भू-परिधीय क्षेत्रलाई समेटि चितवन अन्नपूर्ण भू-परिधीय रणनीति र कार्ययोजना (२०१६-२०२५) नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएका छन्।

आ. व. २०७७/७८ मा संचालित कार्यक्रमहरू

आ. व. २०७७/७८ को आयोजना गर्दै बजेट विनियोजनको स्थिती

आ.व. २०७७/७८ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र मञ्च कार्यालयहरूमा सञ्चालित आयोजनाहरूमा विनियोजन भएको बजेट देहायबमोजिम छ।

आयोजनागत विनियोजन बजेट



स्रोतः राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग, २०७९

चित्र नं. iii आयोजनागत विनियोजन बजेट

आ. व. २०७७/७८ मा कार्यालयहरूको आयोजनागत स्वीकृत वार्षिक बजेट

आ. व. २०७७/७८ मा कार्यालयहरूको आयोजनागत स्वीकृत वार्षिक बजेट निम्न अनुसार छ।

क्र.सं	कार्यलयाको नाम	आयोजनाको नाम				कुल बजेट रु लाखमा
		राष्ट्रिय निजुन्ज तथा आरक्ष आयोजना	राष्ट्रिय निजुन्ज तथा वन्यजन्तु संरक्षण विभाग	प्रकृतिमा आधारित पर्यटन कार्यक्रम	हात्तिसार	
१	कन्चनजंगा सं.क्षे.	४०९.४१	२८	०	०	४३७.४१
२	मकालु वरुण रा.नि.	६८९.२८	३८	५९.९५	०	७८७.२३
३	सगरमाथा रा.नि.	६०२.४२	३१३	३०.४५	०	९४५.८७
४	कोशीटप्पु व.आ.	८३५.२९	३५	५०.७	२४३	११६३.९९
५	पर्सा रा.नि.	१०४८.७७	१०८	५९	२०३.६६	१४१९.४३
६	गौरीशंकर सं.क्षे.	५०.३४	६.५	०	०	५६.८४
७	लाम्टाङ्ग रा.नि.	७६३.३१	१८६	७१.७	०	१०२१.०१
८	चितवन रा.नि.	[illegible]	[illegible]	[illegible]	[illegible]	३६५०.४४
९	रा.नि. तथा वा.सं. विभाग	९४.७८	२३५१.१८	५३.४	२.६	२५०१.९६
१०	शिवपुरी नागार्जुन रा.नि.	८५३.१९	१०७	६७.७	०	१०२७.८९
११	मनास्लु सं.क्षे.	४८.२४	०	०	०	४८.२४
१२	अन्नपूर्ण सं.क्षे.	१३१.९३	०	०	०	१३१.९३
१३	ढोरपाटन शि.आ.	६०३.८१	०	०	०	६०३.८१
१४	बाँके रा.नि.	१०५७.२२	२३	८९५.५	१९१.२३	२१६६.९५
१५	कृष्णसार सं.क्षे.	२१९.३२	८	०	०	२२७.३२
१६	बर्दिया रा.नि	१७२७.९१	१२०.०१	११३५	२३९.८३	३२२३.१५
१७	शे-फोकसुन्डो रा.नि.	५३१.७७	५१	१९.२५	०	६०२.०२
१८	रारा रा.नि.	४७६.९५	३१	८९२	०	१३९९.९५
१९	खप्तड रा.नि.	५४१.५९	२६	५७.२५	०	६२४.८४
२०	अपिनाम्पा सं.क्षे.	५५०.०९	७५	०	०	६२५.०९
२१	शुक्लाफाँटा रा.नि.	१०३२.४३	६७.७९	९८६.२	१८६.६४	२२७३.०६
२२	राष्ट्रिय प्राणी उधान	०	६६६.५६	०	०	६६६.५६
२३	भानुभक्त प्राणी उधान	०	६७८.७६	०	०	६७८.७६
	जम्मा रु.	१४४०२	५५७७.८	४४४७	१८५७.५	२६२८३.७५

स्रोतः राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग, २०७९

तालिका नं. iii आ.व .२०७७/७८ मा कार्यालयहरूको आयोजनागत स्वीकृत वार्षिक बजेट

आ.व .२०७७/७८ मा कार्यालयहरूको आयोजनागत बजेट स्तिथि

आ.व .२०७७/७८ मा कार्यालयहरूको आयोजनागत खुद बजेट

रु. लाखमा

क्र.सं.	आयोजनाको नाम	प्राथमिकता क्रम	विनियोजन बजेट			सम्पर्ण बजेट	खुद बजेट रु लाखमा
			चालु	पूँजीगत	जम्मा		
१	राष्ट्रिय निजुन्ज तथा आरक्ष आयोजना	P1	८७५९.२	५६४३.०	१४४०२.२	०.०	१४४०२.२
२	राष्ट्रिय निजुन्ज तथा वन्यजन्तु संरक्षण विभाग	P1	४१०२.०	१४७५.७	५५७७.७	०.०	५५७७.७
३	प्रकृतिमा आधारित पर्यटन कार्यक्रम	P1	१४७१.५	२९७५.०	४४४६.५	३९६२.५	४८४.०
४	हात्तिसार	P2	१६३४.५	२२३.०	१८५७.५	०.०	१८५७.५
जम्मा			१५९६७.२	१०३१६.७	२६२८३.९	३९६२.५	२२३२१.४

स्रोतः राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग, २०७९

तालिका नं. iv आ.व .२०७७/७८ मा कार्यालयहरूको आयोजनागत खुद बजेट

आ.व .२०७७/७८ मा कार्यालयहरूको आयोजनागत खर्चको स्तिथि

आ.व .२०७७/७८ मा कार्यालयहरूको आयोजनागत खर्च

क्र.सं.	आयोजनाको नाम	खुद बजेट (रू. लाखमा)			खर्च (रू. लाखमा)			खर्च प्रतिशत		
		चालु	पूँजीगत	जम्मा	चालु	पूँजीगत	जम्मा	चालु	पूँजीगत	जम्मा
	राष्ट्रिय निजुन्ज तथा आरक्ष आयोजना	८७५९.२	५६४३.०	१४४०२.२	७२३५.१	४३८४.१	११६१९.२	८२.६	७७.६९	८०.६८
	राष्ट्रिय निजुन्ज तथा वन्यजन्तु संरक्षण	४१०२.०	१४७५.७	५५७७.७	३७५२.९	६११.२	४३६४.१	९१.४९	४१.४२	७८.२४
	विभाग	८४.०	४००.०	४८४.०	८०.२	३०७.९	३८८.१	९५.४८	७६.९८	८०.१९
	प्रकृतिमा आधारित पर्यटन कार्यक्रम	१६३४.५	२२३.०	१८५७.५	१३३८.२	१८१.१	१५१९.३	८१.८७	८१.२१	८१.७९
जम्मा		१४५७९.७	७७४१.७	२२३२१.४	१२४०६	५४८४.३	१७८९०.७	८५.०९	७०.८४	८०.१५

स्रोतः राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग, २०७९

तालिका नं. v आ.व .२०७७/७८ मा कार्यालयहरूको आयोजनागत खर्च(

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग बाट संचालित आयोजनाहरूको समग्र प्रभाव मुल्यांकन

संरक्षित क्षेत्रको संरक्षण, व्यवस्थापन, सदुपयोग का लागि राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग बाट आ. व. २०७७/७८ मा तल उल्लेखित चारवटा आयोजनाहरू सञ्चालन भएको देखिन्छ।

१. राष्ट्रिय निकुन्ज तथा आरक्ष आयोजना (P1)

२. राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु विभाग (P1)

३. प्रकृतिमा आधारित पर्यटन कार्यक्रम (P1)

४. हात्तिसार (P2)

माथि उल्लेखित सबै आयोजनाहरूले अपेक्षित उपलब्धिहरू हासिल गर्न सफल रहेको देखिन्छ। यि आयोजनाहरूले संरक्षित क्षेत्रको विधमान नीति, अन्तराष्ट्रिय सन्धि एवं सम्झौता, आबधिक योजना, यस क्षेत्र संग सम्बन्धित विभिन्न रणनीतिक योजना/कार्ययोजना लगाएत आईपरेका स्थानीय तथा राष्ट्रिय समस्या एवं आवश्यकतहरू पूर्ति गर्न सफल देखिएकोले यस आयोजनाहरूको सान्दर्भिकता प्रमाणित भएको देखिन्छ।

त्यसैगरी माथि उल्लेखित आयोजनाहरूको कार्यान्वयनले संरक्षित क्षेत्रको संरक्षण, सम्वर्धन एवं प्रवर्धन सम्बन्धी सबै उदेश्यहरू प्रभावकारी ढंगले हासिल गर्न सफल देखिएको छ।

यस आयोजनाहरूको कार्यन्वयनले संरक्षित क्षेत्र भित्र रहेका वन क्षेत्र लगाएत वन्यजन्तुहरूको संरक्षण, व्यवस्थापन एवं दिगो उपयोग गर्न सफल रहेको देखिन्छ। यि आयोजनाहरूको प्रभावकारी कार्यान्वयनको प्रभावले गर्दा स्थानीय जनसमुदायको आयआर्जनका अवसरहरू तथा रोजगारीमा थप वृद्धि भएको; स्थानीय समुदायको जीविकोपार्जनमा निरन्तर टेवा पुरयाएको; पर्यापर्यटन लगाएत आर्थिक गतिविधिहरू बढाऊन सहयोग पुरयाएको; वैदेशिक मुद्रा आर्जन एवं संचिति बढाऊन योगदान पुरयाएको र समग्र राष्ट्रिय अर्थतन्त्र सबलीकरण गर्न निरन्तर सहयोगी भूमिका खेलेको देखिन्छ

तसर्थ माथि उल्लेखित सबै आयोजनाहरूको प्रभाव समस्टिगत रुपमा सकारात्मक रहेको देखिन्छ।

७.संरक्षित क्षेत्रमा सार्वजनिक, निजि, सहकारी क्षेत्रको साझेदारी

सरकारी, निजी तथा सहकारी क्षेत्रको साझेदारीमा उद्योगमैत्री वन व्यवस्थापन प्रणाली स्थापित गर्न र हरित उद्यम विकास गर्नको लागि नेपाल सरकारले अंगीकार गरेको विद्यमान सार्वजनिक-निजी साझेदारी नीति, २०७२ र यससँग सम्बन्धित कानून सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ तथा सार्वजनिक-निजी साझेदारी तथा लगानी नियमावली, २०७७ हालसम्म पनि सान्दर्भिक नै देखिएको र यसका लागी तत्कालै छुट्टै नीति नियम निर्माण गरिहाल्नुपर्ने टड्कारो संरक्षित वन क्षेत्रका सरोकारवालाहरूले महसुस नगरिसकेको अवस्था छ। संरक्षित वन भित्र खास गरी मध्यवर्ती क्षेत्रमा रहेका वनको दिगो व्यवस्थापन एवं सदुपयोग गरी त्यहाँ पाइने तुलनात्मक लाभ भएका वन पैदावारहरूको निरन्तर उत्पादन एवं आपूर्तिका लागि हाल रहेको सामुदायिक वनहरूको काठ केन्द्रित वन व्यवस्थापन कार्ययोजना लाई पुनरावलोकन गरी त्यहाँ विद्यमान अन्य श्रोतहरू जस्तै औषधीय एवं सुगन्धित बिरुवा/ जडीबुटीहरूको समेत सर्वेक्षण गरी बृहत् एवम् उपयुक्त उधम मैत्री दिगो वन व्यवस्थापन कार्ययोजना एवं प्रणाली स्थापित गर्न यस सँग सम्बन्धित सार्वजनिक निकायले सामुदायिक वनलाई प्राविधिक आर्थिक सहयोग उपलब्ध गर्नुपर्ने देखिन्छ।

यसरी स्रोत सर्वेक्षण भई त्यहाँ उपलब्ध तुलनात्मक लाभ भएका वन पैदावर पहिचान भईसके पश्चात भएको स्रोतको दिगो संकलन एवं व्यवस्थापनका लागि सार्वजनिक संस्थाले अन्तर्राष्ट्रियस्तरका यससँग सम्बन्धित मापदण्ड एवं निर्देशिकाहरू तयार गरी संकलनकर्ता/उत्पादनकर्तालाई तालीम प्रदान गर्ने वा स्रोत सुनिश्चितता गरी सेवा प्रदायक संस्था मार्फत सेवा प्रवाह गराउने। यसका लागि सामुदायिक वन समूहले स्वयम् इच्छुक उपभोक्ताहरूको विभिन्न संकलन/ उत्पादन उप-समूहहरूको गठन गर्न सक्नेछ। यसरी गठन भएका विभिन्न संकलन उत्पादन उप-समूहहरूलाई तिनीहरू आबद्ध भएका वस्तु अनुसारको सम्बन्धित तालिमहरू सार्वजनिक निकाय सञ्चालन गर्न सक्नेछन्। यसका लागि सार्वजनिक निकाय स्वयं वा निजी निकायसँगको साझेदारीमा निजी निकायसँग उपलब्ध मानवीय स्रोत साधन सीपको प्रयोग गरी गर्न वा गराउन सक्नेछ। निजि निकायले उद्यम वा बजार (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय) ले माग गरे बमोजिमको वस्तु उपलब्ध गराउनुपर्ने बाध्यता रहेको हुँदा उत्पादन गर्न खोजिएको बिरुवाको गुणस्तर देखि संकलन, प्रारम्भिक/ द्वितिय /अन्तिम प्रशोधन, प्याकेजिङ्, लेबलिङ, ब्रान्डिङ र बजारीकरण सम्मको कार्यमा निजी क्षेत्रको उपस्थिति /सहभागिता /नियन्त्रण हुन उपयुक्त हुने देखिन्छ।

यसैगरी एउटा कुनै मध्यवर्ती सामुदायिक बनबाट मात्र उद्यम सञ्चालन गर्न आवश्यक पर्ने कच्चापदार्थ आपूर्ति गर्न सम्भव नहुने हुँदा कच्चा पदार्थको आपूर्तिका लागि विभिन्न सामुदायिक वन समूह एवं उक्त समूहभित्रको उप-समूहहरूको आवद्ध भएको सहकारी संस्था गठन गर्ने वा भएको सहकारी संस्थामा सामुदायिक वनका समूह/ उपसमूहहरूलाई आवद्ध गराउन आवश्यक सहजीकरणको कार्य सुरुमा सार्वजनिक निकायले गर्ने। यसरी गठन भएका सहकारी संस्था स्थापना पश्चात यसलाई

सुचारु रुपले सञ्चालन योग्य बनाउन चाहिने सुरुवाती पूर्वाधार एवं प्रणाली स्थापित गराउन सार्वजनिक निकायले आवश्यक प्राविधिक /आर्थिक सहयोग लगायत सहजीकरणको कार्यहरू गर्न पर्ने देखिन्छ।

त्यस पश्चात सार्वजनिक निकायले सहजीकरण गरी आफ्नो रोहवरमा निजी संस्था/ उद्यम र सहकारीबीच कच्चापदार्थ निरन्तर उपलब्ध गराउने विषय लगायत गुणस्तर, मूल्य इत्यादि विषयमा सम्झौता गर्न सहजीकरण एवम् यसको निरन्तर अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषकको कार्य गर्नुपर्ने देखिन्छ।

तसर्थ सार्वजनिक-निजी-सहकारी साझेदारी अवधारणा अनुरुप उद्यममैत्री वन व्यवस्थापन प्रणाली एवं हरित उद्यम विकास गर्न स्थान र परिवेश अनुसारको खाका तयार हुनु उपयुक्त हुने देखिन्छ। यसका लागि संरक्षित वनसँग सम्बन्धित सार्वजनिक निकायले विद्यमान नीति एवं कानुनको परिधि भित्र रही परिवेश अनुसारको कार्यनीति बनाई लागू हुन उपयुक्त देखिन्छ।

८. संरक्षित क्षेत्र भित्र पूर्वाधार निर्माण सहजीकरणका लागि रणनीति

संरक्षित क्षेत्रलाई दिगो वन व्यवस्थापनको सिद्धान्त भित्र रहेर विभिन्न किसिमका पूर्वाधार विकास आयोजनाको निर्माणका लागि नेपाल सरकारले हालसालै छुट्टै निर्देशिका जारी गरेकाले यस सम्बन्धी छुट्टै रणनीति ल्याउन आवश्यक नपर्ने सरोकारवालाहरूको निष्कर्ष रहेको देखिन्छ।

नेपाल सरकारले मिति २०७९/०१/०५ मा नेपाल राजपत्रको खण्ड ७२ संख्या २ भाग ५ मा वन्यजन्तुको आवातजावतलाई सुरक्षित तुल्याई वन्यजन्तु दुर्घटना कम गर्न तथा मानव र वन्यजन्तु वीचको द्वन्द्व न्यूनीकरण गर्नको निमित्त वन्यजन्तुहरूको बासस्थान र हिंडडुल क्षेत्रमा निर्माण हुने रेखात्मक प्रकृतिका पूर्वाधार संरचनालाई वन्यजन्तु मैत्री बनाउन वाञ्छनीय देखिएकोले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले " वन्यजन्तु मैत्री पूर्वाधार निर्माण निर्देशिका २०७८" बनाएको छ।

हालसालै पारित गरिएको यस निर्देशिकालाई आवश्यकता अनुसार राष्ट्रिय गौरवका रुपान्तरणकारी तथा राष्ट्रिय प्राथमिकताका पूर्वाधार विकास आयोजना निर्माणमा थप सहजीकरण हुने तबरले क्रमशः सुधार गर्दै लाँदा बढी व्यवहारिक हुने र यसका लागि विभिन्न तह एवं स्तरमा वृहत छलफल गर्नु पर्ने देखिन्छ।

९.संरक्षित क्षेत्रले नेपाली जनताको जनजीवन लगाएत पर्यटन, राजश्व, रोजगारीमा पारेको प्रभाव

विश्वको कुल भूभागको ३०.८ प्रतिशत वन क्षेत्रले ओगटेको छ। जनसङ्ख्याको आधारमा विदेशिन गर्दा प्रति व्यक्ति ०.६ हेक्टरवन क्षेत्र र ४२२ वटा लोकहरू पर्दछन। नेपालमा जारी बुट्यान

बाहेक ४०.४ प्रतिशत वन क्षेत्र रहेको छ भने प्रतिव्यक्ति ०.२ हेक्टर वनक्षेत्र र १११ वटा रुप पर्दछन्। नेपालको भू-धरतालिय आधारमा सबैभन्दा बढी वनक्षेत्र मध्य पहाडमा छ भने सबैभन्दा कम तराईमा रहेको छ (MoF, २०७७/७८)।

जैविक विविधता एवं परिस्थितिकिय प्रणालीको संरक्षण र प्रकृतिमा आधारित पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले १२ वटा राष्ट्रिय निकुञ्ज, १ बन्ने जन्तु आरक्ष, १ शिकार आरक्ष र ६ संरक्षण क्षेत्र समेत२० संरक्षित क्षेत्रहरू स्थापना गरी देशको ३४४२० वर्ग कि.मि. अर्थात २३.२३ प्रतिशत भुभाग संरक्षित क्षेत्र प्रणालीअन्तर्गत व्यवस्थापन गरिएको छ। साथै १० वन संरक्षण क्षेत्र अन्तर्गत १ लाख ९२ हजार २७.४३ हेक्टर वन क्षेत्र व्यवस्थापन गरिएको छ (DNPWC, २०७९)।

संरक्षित क्षेत्र वरपरका समुदायलाई संरक्षणमा सहभागी गराउने उद्देश्यले मध्यवर्ती क्षेत्र व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिएको छ। राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्षका १३ मध्यवर्ती क्षेत्रमा स्थानीय बासिन्दाहरूलाई आवश्यक पर्ने वन पैदावरको नियमित आपूर्ति गर्ने उद्देश्यले गठित १ हजार ३६ मध्यवर्ती तथा संरक्षित क्षेत्रका सामुदायिक वनले करिब २ लाख ११ हजार २ सय १३.० हेक्टर वनक्षेत्रफल ओगटेको छ। त्यसैगरी ८८ मध्यवर्ती कबुलियती वन मार्फत ४४०.६ हेक्टर वन व्यवस्थापन गरिएको छ। संरक्षित क्षेत्रको व्यवस्थापनबाट मध्यवर्ती क्षेत्र तथा संरक्षित क्षेत्रमा बस्ने ११ लाख ४२ हजार ५ सय ९९ जनसंख्या लाभान्वित भएका छन् (MoF, २०७७/७८)।

अन्तर्राष्ट्रिय महत्वका १० वटा सिमसार क्षेत्रलाई रामसार सूचीमा सूचीकृत गरिएको छ जसमध्ये ६ वटा सिमसार क्षेत्र संरक्षित क्षेत्रमा रहेका छन्। सगरमाथा र चितवन राष्ट्रिय निकुञ्जलाई विश्व सम्पदा सूचीमा सूचिकृत गरिएको छ। विगत १५ बर्षको वन्यजन्तुको तथ्याङ्कको विश्लेषण गर्दा तथा बाघ तथा अर्नाको संख्या करिब दोब्बर अनुपातले वृद्धि भई २३५ बाघ र ४४१ वटा अर्ना रहेको देखिन्छ। सन् २००० मा ६१२ गैंडा रहेकोमा सन् २०११ को गणनामा ४३४ मात्र रहेको पाइयो। सन् २०१४ मा पुनः वृद्धि भइ गैडाको संख्या ६४५ पुगेको देखिन्छ। यसैले २०१८ मा कृष्णसारको संख्या ३२३ रहेकोमा सन् २०२० मा आइपुग्दा ३४६ मात्र रहेको देखिन्छ। यसका साथै विभिन्न वन्यजन्तुको पछिल्लो गणनाअनुसार ४७६ वटा गौरीगाई, १९८ वटा घरियाल गोही , ३०१-४०० हिउंचितुवा र २३५१ वटा बार्हसिंह रहेकाछन्।

दुर्लभ तथा लोपुन्मुख वन्यजन्तु संरक्षणका लागि १६ वटा बाघ ,गैंडा, हात्ती, स्याल, हिउंचितुवा, गिद्ध, फिजेंट, सोंस, कस्तुरी मृग, सारस, लाटोकोसेरो, अर्ना र गौरीगाई वन्यजन्तु प्रजाति सर्पगन्ध, पाँचऔले जटामसी खयर,सिमल, दार, मौवा,र हल्दु गरी ७ वनस्पति प्रजाति को संरक्षण कार्ययोजना तयार भई कार्यान्वयनमा रहिरहेको। आर्थिक वर्ष २०७६/७७ मा २लाख ६० हजार ५ सय ३५ जना विदेशी पर्यटक सहित जम्मा ५ लाख ५ सय ३६ जना पर्यटकले संरक्षित क्षेत्र भ्रमण

गरेका थिए। यसैगरी वनस्पति उद्यान र सदर चिडियाखानामा विदेशीसहित ११ लाख जनाले भ्रमण गरेका थिए। आर्थिक वर्ष२०७७/७८ मा २ लाख ४४ हजार २ सय १४ पर्यटकीय संरक्षित क्षेत्र र वनस्पति उद्यान तथा सदर चिडियाखानामा विदेशीसहित २ लाख ३३ हजार ५ओ जनाले भ्रमण गरेका छन्। संरक्षित क्षेत्रबाट आर्थिक वर्ष २०७६/७७ मा रु. ३७ करोड ८३ लाख राजश्व संकलन भएको थियो भने आर्थिक बर्ष २०७७/७८ मा १५ करोड ७ लाख ३२ हजार राजस्व संकलन भएको थियो (आर्थिक सर्वेक्षण, २०७७/७८)।

आर्थिक वर्ष	पर्यटक संख्या (आन्तरिक/ बाह्य)	संकलन भएको राजश्व (रु. हजारमा)
२०७७/७८	२४४२१४	१५०७३२
२०७६/७७	५००५३६	३७८३००
२०७५/७६	७०६१११	७३९८९६
२०७४/७५	३४९१९३	३५०५४४
२०७३/७४	६०४०९१	५५२७३६
२०७२/७३	३८९२२३	३५०२०३
२०७१/७२	५१७०९५	५३८७१०
२०७०/७१	५५८५७७	५३०८५२
२०६९/७०	५१०२०५	४७१३३८
२०६८/६९	५०२०९२	१८३९७४
२०६७/६८	४५५२३७	२४८५०४
२०६६/६७	३८१७८९	१४०३८३
२०६५/६६	३४९१९५	१३५४२८
२०६४/६५	२९१०४०	११७८९८
२०६३/६४	२४५९१०	९४५५७

तालिका नं. आर्थिक वर्ष, पर्यटक संख्या, संकलन भएको राजश्व

संरक्षित क्षेत्र भ्रमण गर्ने पर्यटक संख्या र संकलित राजस्व



चित्र नं.। संरक्षित क्षेत्र भ्रमण गर्ने पर्यटक संख्या र संकलित राजस्व (DNPWC)

तसर्थ दिगो आर्थिक विकास र वातावरण संरक्षण कार्यमा संरक्षित क्षेत्रको महत्वपूर्ण भूमिका हुन आउँछ। वन्यजन्तु संरक्षण हुनु नै वनजंगलको संरक्षण हुनु पनि हो। वनजंगलको संरक्षण बाट प्राप्त हुने वातावरणीय सेवाहरू carbon sequestration, hydrology functions, ecotourism र conservation का साथै landscape beauty आदि पर्दछन्।

संरक्षित क्षेत्रबाट कृषि भूमिको उत्पादकत्वमा वृद्धि, कृषि भूमिलाई आवश्यक मलजलको उपलब्धता, संरक्षण कार्य बाट बाढीपहिरोको रोकथाम , जलाधार क्षेत्रहरूको संरक्षणले प्रतिवर्ष सम्भार कार्यमा हुने खर्च कटौतीले आर्थिक विकासमा टेवा पुगेको छ। प्रत्यक्ष रूपले सामान्य जनताले वर्षेनी घर तथा गोठ बनाउन चाहिने खर, खाडी, निगालो आदि संकलन गरेर आर्थिक लाभ उठाउन पाएका छन्। संरक्षित क्षेत्रमा विगत पन्ध्र वर्षको पर्यटक र राजस्वको तुलना गर्दा बर्सेनि पर्यटक तथा राजस्व बढ्दै गएको देखिन्छ। साथै २०६९ सालमा वृद्धि गरिएको राजश्व वृद्धि बाट अझै राजासँग वृद्धि भएको छ। प्राकृतिक सम्पदाको अवलोकन गर्न संसारभरका विभिन्न देशबाट आउने पर्यटकहरूबाट राष्ट्रलाई बिदेशी मुद्राको आर्जन गर्न ठोस योगदान पुग्नुको साथै स्थानीयबासिन्दाले रोजगारीसमेत पाईरहेको देखिन्छ।

राष्ट्रिय निकुञ्ज तथा आरक्षको आम्दानी हुने राजस्वको ३०-५० प्रतिशत रकमबाट स्थानीय जनतालाई प्रत्यक्ष फाइदा पुग्ने एकीकृत सामुदायिक विकास कार्यक्रम सञ्चालन हुने हुँदा यसबाट पनि आर्थिक विकासमा टेवा पुगेको छ। प्रत्यक्ष आर्थिक आर्जन विभिन्न सेवा सञ्चालन जस्तै होटेल, लज सञ्चालनबाट बर्सेनि अरबौं रुपैयाँ आम्दानी भए रहेको छ। जसले कुल ग्राहस्थ उत्पादनमा योगदान

पुग्न गएको छ। नेपालमा आउने पर्यटकको ६० प्रतिशत पर्यटकहरू संरक्षित क्षेत्रमा अवलोकन भ्रमण गर्न आउने गर्दछन्।

संरक्षित क्षेत्रहरू नेपालका अमूल्य सम्पत्ति हुन्। यी येस्ता क्षेत्र हुन् जसको एक पटक क्षति भएमा फेरि त्यस्तै अवस्थामा ल्याउन सकिँदैन। तिनको संरक्षण र उपयोगबाट देश र जनताले कालान्तरसम्म प्रशस्त फाइदा पाउने भएकोले उनलाई जोगाएर राख्ने र बुद्धिमतापूर्वक प्रयोग गर्ने कार्यमा अग्रसर हुनु अनिवार्य रहेको छ।

१०. तथ्याङ्क विश्लेषण तथा छलफल

उपलब्ध तथ्यांक एवं सूचनाअनुसार प्रावधान गरिएको सेवाहरू (Provisioning Services) अन्तर्गत काठ, दाउरा, पात, पत्कर, स्याउला, जंगली फल/कन्दमूल तरकारी, औषधि एवं वनस्पतिहरू लोक्ता, अल्लो एवं अन्य फाइबर, माछा ,खाद्यपदार्थ,मह, रब्बर, निर्माण सामग्रीहरू बालुवा, गिटी, ढुंगा निर्माणका लागि माटो इत्यादि पर्दछन्। नेपालमा रहेका एवम् संरक्षित क्षेत्रहरू मध्ये प्रोभिजनिङ सर्भिसेसको सबैभन्दा उच्च मूल्य चितवन राष्ट्रिय निकुञ्ज (रु ७०९१ मिलियन) रहेको देखिन्छ भने सबै भन्दा कम मूल्य रारा र.नि. (रु.१११ मिलियन) पाइएको छ।

त्यसैगरी सांस्कृतिक सेवाहरू (Cultural Services) अन्तर्गत सबै भन्दा बढी मूल्य अन्नपुर्ण संरक्षण क्षेत्र (रु. २७९४ मिलियन) छ भने सबै भन्दा कम मूल्य रारा र.नि. (रु.२८ मिलीयन) रहेको देखिन्छ।

नियामिक सेवाहरू (Regulating Services) अन्तार्गत सबै भन्दा बढी मूल्य अन्नपुर्ण संरक्षण क्षेत्र (रु. ३९४ मिलियन) छ भने सबै भन्दा कम मूल्य कोशीटप्पु व.आ. रहेको देखिन्छ।

सहयोगी सेवाहरू (Supporting Services) को आर्थिक मूल्यांकनबाट प्राप्त नतिजा अनुसार यस सेवा अन्तर्गत सबै भन्दा बढी मूल्य चितवन राष्ट्रिय निकुञ्ज (रु ७३१० मिलियन) रहेको देखिन्छ।

११. नेपालका सबै संरक्षित क्षेत्रहरूको समग्र अनुमानित आर्थिक मूल्य

यस अध्ययन अन्तर्गत प्राप्त विभिन्न तथ्यांक एवम् सूचनाहरूको विश्लेषण गर्दा समग्रतामा सबै भन्दा बढी मूल्य सहयोगी सेवाहरूको रहेको देखिन्छ। यस सेवा क्षेत्रको योगदान ४५ % रहेको देखिन्छ। संरक्षित क्षेत्रहरूको माटो निर्माण, पानी उपलब्धता, nutrient recycling, भू- क्षय न्यूनीकरण मार्फत जग्गाको अधिकतम उपयोग चरण क्षेत्र मार्फत प्रारम्भिक उत्पादनहरू गरी कृषि तथा पधुपालन क्षेत्रको उत्पादकत्वको बढी भूमिका हुने हुँदा यस सेवा क्षेत्रको योगदान सबै भन्दा बढी रहेको देखिएको छ।

दोस्रो बढी आर्थिक मूल्य प्रावधान गरिएको सेवाहरू (Provisioning Services) को रहेको छ। यसले ३७ % हिस्सा ओगटेको छ। स्थानीय सामुदायिक काठ, दाउरा, घाँस, स्याउला, सोत्तरका लागि प्रतक्ष रुपमा संरक्षित क्षेत्रहरूमा निर्भर हुन्छन। त्यसैगरी संरक्षित क्षेत्रबाट जडिबुटी, मह,फाइबर इत्यादी संकलन एवम् विक्री गरी आय आर्जन गर्ने हुनाले यस क्षेत्रको योगदान पनि अधिक देखिएको छ।

तृतीय बढी मूल्य रहेको सेवा क्षेत्र सांस्कृतिक सेवा (Cultural Services) क्षेत्र हो। यसको योगदान १५% छ जस अन्तर्गत संरक्षित क्षेत्रमा आधारित पर्यटन सम्बन्धी क्रियाकलापहरू पर्दछन।

यसैगरी आ.व. २०७२/७३ मा सबैभन्दा कम योगदान ३ प्रतिशत पुर्याउने क्षेत्र नियामकीय सेवाहरू (regulating services) रहेको थियो भने आ.व. २०७७/७८ मा पनि सबैभन्दा कम योगदान ३.३७ प्रतिशत नियामकीय सेवाहरू कै रहेको छ। यसको मूलकारण संरक्षित क्षेत्रहरूको अवस्थिति धेरैजसो पिछडिएको भूगोलमा रहेको कारणले गर्दा हो भन्न सकिन्छ। यहाँबाट प्राप्त पानीको व्यवसायिक प्रयोग नभई स्थानीय समुदायले आफ्नो घरधुरीमा खानेपानीको रुपमा गर्ने गर्दछन्। त्यसैगरी अन्नपूर्ण संरक्षण क्षेत्र र लाङटाङ राष्ट्रिय निकुञ्ज बाहेक अन्य नगन्य हिसाबमा जलविद्युत उत्पादनमा प्रयोग गरिएको छ।

समग्रमा आ.व. २०७७/७८ मा चारवटै वर्गका सेवाहरू को जम्मा मुल्य रु.४६८७८५८७ हजार रहेको छ जुन आ.व. २०७२/७३ को तुलनामा लगभग १० प्रतिशतले कम हुन गएको छ।

चित्र v: परिस्थितिकीय प्रणालीबाट प्राप्त विभिन्न सेवा क्षेत्रहरूको आर्थिक योगदान



स्रोत: राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग, २०१७



स्रोत: फिल्ड सर्वे, २०२२

चित्र vi: विभिन्न आ मा संरक्षित क्षेत्रको कुल .व.मूल्य मा चारवटा सेवा क्षेत्रहरूको योगदान



स्रोत: राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग, २०१७



स्रोत: फिल्ड सर्वे, २०२२

१२. संरक्षित क्षेत्रहरूको राष्ट्रिय अर्थतन्त्रमा योगदान

माथि अध्ययन विधिमा उल्लेख भए अनुसार नेपालमा System of National Accounts (SNA) अन्तर्गत सबै आर्थिक क्रियाकलापहरू १८ वटा वर्गमा विभाजित गरिएको छ। जस मध्ये संरक्षित क्षेत्रसँग सम्बन्धित क्रियाकलापहरू विभिन्न ६ वर्ग अन्तर्गत पर्दछन्। दुई प्रकारका आर्थिक क्रियाकलापहरू मत्स्य र खानी तथा उत्खनन को आर्थिक मूल्यांकन नगन्य देखिएकोले विभिन्न चार वर्ग अन्तर्गत संरक्षित क्षेत्रबाट उपलब्ध सबै वस्तु तथा सेवालाई वर्गीकृत गरी यसले अर्थतन्त्रमा पुर्याएको योगदान बारे निष्कर्ष निकालिएको छ।

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागको एक अध्ययन बाट प्राप्त नतिजा अनुसार आर्थिक वर्ष २०७२/७३ मा संरक्षित क्षेत्रबाट उत्पादित सबै वस्तु तथा सेवाको आर्थिक मूल्यांकन गर्दा यसको जम्मा आर्थिक मूल्य रु. ५२०८४ मिलियन नेपाली रुपैया रहेको थियो| उक्त आर्थिक वर्षमा नेपालको कूल गार्हस्थ्य उत्पादन (GDP) २,२४८,६९१ मिलियन नेपाली रुपैंया रहेको थियो| यस हिसावमा उक्त आर्थिक वर्षमा संरक्षित क्षेत्रको नेपालको GDP मा कुल योगदान २.३२ प्रतिशत रहेको थियो। त्यसैगरी आर्थिक वर्ष २०७७/७८ मा सबै वस्तु तथा सेवाको आर्थिक मूल्यांकन गर्दा यसको जम्मा आर्थिक मूल्य रु. ४६८७८.५ मिलियन नेपाली रुपैया रहेको छ र अनुमनित GDP ४२६६३२१ मिलियन नेपाली रुपैंया रहेको हिसाबले संरक्षित क्षेत्रको समग्र GDP मा योगदान १.१० प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०७२/७३ मा वस्तु तथा सेवाको ४ वर्ग अन्तर्गत कृषी तथा वन वर्गको १.९६ प्रतिशत (कृषीको १.०५ प्रतिशत र वन क्षेत्रको ०.९१ प्रतिशत) योगदान रहेको थियो। बाँकी अन्य वर्ग अन्तरगत होटल तथा रेष्टुरेण्टको ०.२५ प्रतिशत यातायात, संचार र भण्डारण वर्गको

०.०९ प्रतिशत र विद्युत ग्यास तथा पानी वर्गको ०.०१ प्रतिशत योगदान रहेको थियो। त्यसैगरी आर्थिक वर्ष २०७७/७८ मा कृषी तथा वन वर्गको १.०३ प्रतिशत (कृषीको ०.५५ प्रतिशत र वन क्षेत्रको ०.४८ प्रतिशत) योगदान रहेको छ। अन्य वर्ग अन्तरगत होटल तथा रेष्टुरेण्टको ०.०४ प्रतिशत यातायात, संचार र भण्डारण वर्गको ०.०२ प्रतिशत र विद्युत ग्यास तथा पानी वर्गको ०.००३ प्रतिशत योगदान रहेको थियो।

यस अध्ययनले के पनि देखाउँछ भने संरक्षित क्षेत्रले उत्पादन तथा सेवा क्षेत्र भन्दा तुलनात्मक हिसाबले प्रारम्भिक उत्पादनहरूको मूल्य अभिवृद्धि (Value addition) मा बढी योगदान पुर्याउँछ। संरक्षित क्षेत्रमा उपलब्ध पानीको जलबिद्युत उत्पादन, सिंचाई एवं अन्य व्यवसायिक क्रियाकलापहरूमा लगभग नगन्य उपयोग भएको पाइएको छ।

यो अध्ययन rapid appraisal approach को रुपमा गरिएको छ र यसमा सुक्ष्म स्तरको तथ्यांक संकलन भन्दा पनि उपलब्ध सूचना तथ्यांक एवं दस्तावेजहरूको पुनरावलोकन र मुख्य सूचना दाताहरूसँग छलफलको आधारमा प्रस्तुत गरिएको छ।

१३.निष्कर्ष तथा सिफारिश

१३.१ निष्कर्ष

संरक्षित क्षेत्रको आर्थिक मूल्याङ्कन एवम् यसले अर्थतन्त्रमा पुर्‍याएको योगदान सम्बन्धी तथ्यांक एवं सूचनाहरूले यस क्षेत्रमा आबद्ध र नीति निर्माण तहमा रही कार्य गर्ने व्यक्तिहरूलाई प्राकृतिक स्रोतको दिगो व्यवस्थापन, संरक्षण एवं उपयोग कार्यका लागि आवश्यक निर्णय लिन सहयोग पुग्ने देखिन्छ| संरक्षित क्षेत्रहरूबाट उपलब्ध हुने विभिन्न सेवा क्षेत्रहरूमध्ये सहयोगी सेवाहरू, प्रावधान गरिएका सेवाहरू र सांस्कृतिक सेवाहरूको आर्थिक दृष्टिकोणले निकै महत्व रहेको देखिन्छ | तुलनात्मक हिसाबले नियामकीय सेवाहरूको आर्थिक रूपले महत्व निकै कम रहेको पाइएको छ | यसको प्रमुख कारण भनेको संरक्षित क्षेत्र भित्र उपलब्ध पानीका स्रोतहरूको उपयुक्त व्यवसायिक उपयोग हुन नसक्नु तर आवश्यक पूर्वाधार सहित सहज पहुँच भएका संरक्षित क्षेत्र एवं शहरमा खानेपानी उपलब्ध गराउन सक्ने ठाउँमा र व्यवसायिक रुपमा जलविद्युत उत्पादन गर्न सकिने ठाउँमा यसको योगदान महत्वपूर्ण हुने देखिन्छ| प्रारम्भिक अध्ययनबाट अनुमान गरिए बमोजिम संरक्षित क्षेत्रले आ. व. २०७२/७३ मा समग्र GDP मा २.३२ प्रतिशतको आर्थिक योगदान पुर्‍याएको थियो भने आ. व. २०७७/७८ यसले १.१० प्रतिशत योगदान पुर्याएको छ|

१३.२ सिफारिसहरू

यस अध्ययनबाट प्राप्त नतिजाहरूलाई केलाउँदा केहि सुझावहरू आगामी दिनमा संरक्षित क्षेत्रले नेपालको अर्थतन्त्रमा योगदान कसरी बढाउन सकिन्छ भनि सिफारिसको रुपमा प्रस्तुत गरिएको छः

- नियामकीय सेवा अर्थात जलविधुत तथा खानेपानीका लागि संरक्षित क्षेत्र भित्र रहेका पानीको सतहले सुख्खायाममा लगभग १५ प्रतिशत पानी उपलब्ध गराउने हुँदा जलविद्युत उत्पादन र खानेपानी वितरणमा निजी क्षेत्रसँग सरकारले संरक्षित क्षेत्रको व्यवस्थापनका लागि थप केही राजश्व उठाउन उपयुक्त हुने |
- एक अध्ययनअनुसार कृषि बाली तथा पशुधनलाई हानीनोक्सानी बाट जोगाउन क्रमश सरदार ६ र ९ प्रतिशत खर्च व्यहोर्नु पर्ने देखिन्छ तर संरक्षित क्षेत्रमा बसोबास गर्ने घरधुरीहरूको धेरै समय र प्रयास कृषि बाली र पशुधनलाई वन्यजन्तुबाट हुन सक्ने सम्भावित क्षतिबाट जोगाउन केन्द्रित रहेको हुन्छ | त्यसकारण यहाँ बसोबास गर्ने स्थानीय समुदायको जीवन थप दयनीय एवं संघर्षपूर्ण बनेको हुन्छ। तसर्थ अन्तर्राष्ट्रिय संस्थाबाट संरक्षित क्षेत्रको व्यवस्थापन तथा

सदुपयोगका लागि प्राप्त रकममध्ये केही रकम त्यहाँ बसोबास गर्ने स्थानीय समुदायको जिविकोपार्जन सुधार एवं प्रवर्द्धनका लागि आवश्यक संरचना बनाई खर्च गर्न उपयुक्त हुने |

- त्यसैगरी समुदायको अन्यत्र स्थानान्तरण गरी पूर्ण रुपले हैसियत बिग्रिएको कृषि बाली उत्पादन हुने जग्गालाई बनमा रुपान्तरण गरी भविष्यमा हुन सक्ने मानव बन्यजन्तु द्वन्दलाई धेरै हदसम्म न्युनिकरण/निराकरण गर्ने|
- परम्परागत रुपमा हुँदै आएको खेती बालीलाई उच्च मूल्य पर्ने तथा वन्यजन्तुले समेत कम हानी नोक्सानी पुर्याउन सक्ने बालीहरूद्वारा विस्तापित गर्ने कार्यलाई मध्यवर्ती क्षेत्रमा निरन्तरता दिने र उक्त कार्यलाई थप प्रभावकारी ढङ्गले अगाडि बढाउनुपर्ने |
- त्यसैगरी मध्यवर्ती क्षेत्रमा विद्यमान वन जंगल लगायत अन्य प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन एवं सदुपयोग गर्न उक्त स्रोतहरूमा आधारित उद्यम विकास गर्ने |यसरी स्थापना गरिएका उद्योगहरूबाट उत्पादीत उत्पादनको मूल्य अभिवृद्धि श्रृंखला थप विकास गरी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तार गरी निरन्तर आपूर्ति कार्य अगाडि बढाउनु उपयुक्त हुने|
- हाल रहेको मध्यवर्ती क्षेत्रका सामुदायिक वनका वन व्यवस्थापन कार्ययोजनालाई पुनरावलोकन गरी यस क्षेत्रभित्र रहेका व्यवसायीकरण गर्न सकिने सम्भावित अन्य जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरूको समेत विस्तृत स्रोत मापन गरी उपयुक्त उद्यम विकास गर्न उपयुक्त हुने|
- यसका लागि स्थानीय परिवेश अनुसारको उपयुक्त सरकारी, निजी, सहकारी साझेदारीको नमुना ढाँचा तयार गरी अगाडि बढाउन आवश्यक रहेको |
- स्थानीय समुदायको कृषि तथा वनमा आधारित आम्दानीका अलावा संरक्षित क्षेत्रले पर्या-पर्यटन प्रबर्द्धन समेतबाट फाइदा पुर्याउने हुदाँ प्रकृतिमा आधारित पर्यटनको प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी त्यहाँ बसोबास गर्ने जन समुदायहरूलाई पर्यटन पूर्वाधार एवं व्यवसाय सञ्चालन गर्न soft loan, subsidy इत्यादि उपलब्ध गराई निरन्तर प्राविधिक ज्ञान एवं सीप प्रदान गर्न आवश्यक संरचना बनाई सेवा प्रवाह गर्ने|
- होटल एवं ट्रेकिङ व्यवसायमा आवद्ध व्यवसायीहरूले समयसमयमा ट्रेकिंग रुटको अवस्था भू-क्षय एवम् पूलको अभावमा जोखिमपूर्ण रहेको र यसको अवस्था थप जीर्ण एवं जोखिमपूर्ण हुँदै गएको जानकारी प्राप्त भइरहेको देखिन्छ| जसले गर्दा प्रकृतिमा आधारित पर्यटनबाट हुने स्थानीय समुदायको आम्दानीलाई सिमित गरिदिन सक्छ| तसर्थ संरक्षित क्षेत्रका सम्भावित निकायले यस व्यवसायमा आवद्ध व्यवसायीहरूको संलग्नता एवम् सुझाव अनुसार स्थानीय समुदायको पर्यटनमा

आधारित आम्दानीलाई थप बढाउन यस्ता ट्रेकिङ रुटहरूको निर्माण र मर्मत सम्भार कार्यलाई निरन्तरता दिन उपयुक्त हुने |

- संरक्षित क्षेत्रको सम्बन्धित निकायले तथ्यांक संकलन तथा व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन जरुरी देखिन्छ| खासगरी पहाडमा अवस्थित संरक्षित क्षेत्रका कार्यालयहरूमा नेपाली पर्यटकको तथ्याङ्क राम्ररी नराखीनाले संरक्षित क्षेत्रमा पर्ने मानवीय चाप र सो अनुसारको नियमन कार्य हुन नसकेको देखिन्छ| यसकारण नेपाली पर्यटकहरू को प्रवेश शुल्क समेत लगाई ती सम्बन्धी तथ्यांक राम्ररी व्यवस्थापन गर्न आवश्यक रहेको|
- प्रवेश शुल्क लागाउंदा नेपाली पर्यटकको संख्या समेत नियमन गर्न सकिन्छ |यसरि उठाइएको प्रवेश शुल्कलाई संरक्षित क्षेत्रको फोहर संकलन एवम् व्यवस्थापन, ट्रेकिंग रुट व्यवस्थापन र अन्य पूर्वाधारका कार्यहरूमा लगानी गर्न सकिने |
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षले आर्जन गरेको 30 देखि 50 प्रतिशत राजस्व मध्यवर्ती क्षेत्रको संरक्षण, व्यवस्थापन तथा स्थानीय जनतालाई प्रत्यक्ष फाइदा पुग्ने एकिकृत सामुदायिक विकास कार्यक्रमहरू लागु गरि थप रोजगारी सिर्जना एवं आय वृद्धि हुने तबर ले लगानी गर्न उपयुक्त हुने।
- राष्ट्रका पारिस्थितिकीय प्रणालीहरूको थप प्रतिनिधित्व हुने गरी जैविक विविधताको संरक्षणका लागि आवश्यकता अनुसार संरक्षित क्षेत्रको स्थापना तथा विस्तार गर्दै लाँदा उपयुक्त हुने
- प्रकृतिमा आधारित पर्यटन कार्यक्रम चालु आर्थिक वर्षबाट समर्पण गरिएकाले यसको निरन्तरता प्रदान गर्नुपर्ने।यस कार्यक्रम अन्तर्गत पर्यटन पूर्वाधार जस्तै जंगल सफारीका लागि नया रुट निर्माण, भएका रुटहरूको मर्मत सम्भार, मचान निर्माण तथा मर्मत सम्भार, इत्यादी कार्यक्रमहरू वृहत रुपमा सञ्चालन गर्नु पर्ने।
- पर्यापर्यटन प्रवर्धनका लागि संरक्षित क्षेत्रको स्थानीय परिवेश अनुसारको कार्यविधि तयार गरि उक्त क्षेत्र भित्र होटल तथा रेस्टुरेन्ट व्यवसाय स्थापना, सञ्चालन, अनुगमन, मुल्यांकन, सुपरिवेक्षण गर्न सम्बन्धित संरक्षित क्षेत्र ले आ-आफ्नो कार्यविधि अनिवार्य रुपले लागु गर्नु पर्ने।
- सबै संरक्षित क्षेत्रका चारवटै प्रकारका सेवाहरूको विस्तृत आर्थिक मुल्यांकन गरि भविष्यमा वृहत अध्ययन गर्न उपयुक्त हुने।

सन्दर्भ समग्री

CBD. 2008. Protected Areas in Today's World: Their Values and Benefits for the Welfare of the Planet. Secretariat of the Convention on Biological Diversity (CBD), Montreal, Technical Series no. 36, i-vii + 96 pages.

CBS. 2020. National Accounts of Nepal (2019/20). Central Bureau of Statistics, Kathmandu, Nepal.

CBS. 2022. National Accounts Statistics of Nepal (2021/22 Annual Estimates). Central Bureau of Statistics, Kathmandu, Nepal.

CBS. 2075 BS. Nepalko Tathyankiya Jhalak. Central Bureau of Statistics, Kathmandu, Nepal.

CBS, 2011. Nepal Living Standards Survey (NLSS III) 2010/11, Statistical Report Volume one. Central Bureau of Statistics, Kathmandu. (Available on: https://cbs.gov.np/wp-content/upLoads/2018/12/Statistical_Report_Vol1.pdf; Accessed on: 22 May 2022).

CBS, 2011. Nepal Living Standards Survey (NLSS III) 2010/11, Statistical Report Volume one. Central Bureau of Statistics, Kathmandu. (Available on: https://cbs.gov.np/wp-content/upLoads/2018/12/Statistical_Report_Vol2.pdf; Accessed on: 22 May 2022)

DNPWC, 2017. An Assessment of "Protected Areas Contribution on National Economy and Environmental Conservation" in Nepal, Department of National Parks and Wildlife Conservation (DNPWC), Babarmahal, Kathmandu.

DNPWC, 2021. Annual Report (FY 2076/77 BS), Department of National Parks and Wildlife Conservation (DNPWC), Babarmahal, Kathmandu.

DNPWC, 2078 BS. Barshik Karyakram Karyanbayan Karyavidhi (2078 BS), Department of National Parks and Wildlife Conservation (DNPWC), Babarmahal, Kathmandu.

DNPWC, 2071 BS. Flora and Fauna of Nepal in CITES Annexes, Department of National Parks and Wildlife Conservation (DNPWC), Babarmahal, Kathmandu.

DNPWC, 2075 BS. Nepalka Samrakshit Chhetraharu, Department of National Parks and Wildlife Conservation (DNPWC), Babarmahal, Kathmandu.

DNPWC, 2075 BS. Nepalma Adhik Chori Shikar ra Awaidh Vyaparhune Vanyajantu Tatha Vanaspatiharuko Jankari, Department of National Parks and Wildlife Conservation (DNPWC), Babarmahal, Kathmandu.

DNPWC, 2077 BS. Van Tatha Vanyajantusang Sambandhit Rajpatraharuko Sangalo (2077), Department of National Parks and Wildlife Conservation (DNPWC), Babarmahal, Kathmandu.

DFRS, 2015. State of Nepal's Forests. Forest Resource Assessment (FRA) Nepal, Department of Forest Research and Survey (DFRS). Kathmandu, Nepal.

DoFSC, 2075 BS. Samudayik Vanma Paryaparyatan Prawardhan Karyavidhi (2075), Department of Forests and Soil Conservation (DoFSC), Babarmahal, Kathmandu.

ERI. 2011. Employment in Nepal's Forest Sector.Environmental Resource Institute. Report submitted to Livelihood and Forestry Programme, Kathmandu, Nepal.

GEF/UNDP, 2011. THE ECONOMIC VALUE OF PROTECTED AREAS IN MONTENEGRO September 2011. Global Environment Facility/United Nations Development Programme (GEF/UNDP), Montenegro.

NPC, 2021. Nepal Multidimesnional Poverty Index: Analysis Towards Action, National Planning Commission (NPC), Babarmahal, Kathmandu.

Xi, J., Solomon, Z.W., Martin R. N. and Carsten S.H. 2019. Protected areas, household environmental incomes and well-being in the Greater Serengeti-Mara Ecosystem. Forest Policy and Economics; Volume 106, September 2019, 101948 (journal homepage: www.elsevier.com/locate/forpol).

Khan M.S.and Bhagwat, S.A. 2009. Protected Areas: A Resource or Constraint for Local People?. Mountain Research and Development (MRD) Downloaded From: https://bioone.org/journals/Mountain-Research-and-Development on 27 Apr 2022.

Järv, H., Ward, R.D., Raet, J. and Sepp, K. 2021. Socio-Economic Effects of National Park Governance and Management: Lessons from Post-Socialist Era Estonia. Land 2021, 10, 1257. https://doi.org/10.3390/ land10111257.

MoF, 2021. Economic Survey 20/21, Ministry of Finance, Kathmandu, Nepal. (Available on: https://www.mof.gov.np/site/publication-detail/3105; Accessed on: 20 May 2022).

MoFSC and FAO, 2009. Nepal Forestry Outlook Study, Asia –Pacific Forestry Sector Outlook Study II, Working Paper series, working paper no. APFSOS II/WP/2009/05, available on http://www.fao.org/docrep/014/am250e/am250e00.pdf.

Pandit, B.H., Albano, A. and Kumar, C. 2009. Community-Based Forest Enterprises in Nepal: An Analysis of Their Role in Increasing Income Benefits to the Poor. Small-Scale Forestry, 8(4): 447–462. doi:10.1007/s11842-009-9094-2.

Pande, T. 2077. Sahasachib Tatha Upasachib Digdarshan (2076/77). Book, Aishworya Publication, Kathmandu, Nepal.

Sharma, U.R. and Das, P. K. 2004. Reviewing Current Issues and Prospects of Non-Timber Forest Products (NTFPs) Sub-sector Development in Nepal. Proceedings of the National Workshop on Local Experience Based National Strategy for Organic Production and Management of MAPs/NPFPs in Nepal. 27-28 February 2004, Kathmandu, Nepal.

Subedi, B.P., P.L. Ghimire, A. Koontz, S. C. Khanal, P. Katwal, K.R. Sthapit, and S. Khadka Mishra 2014. Private Sector Involvement and Investment in Nepal's Forestry: Status, Prospects and Ways Forward. Study Report, Multi Stakeholder Forestry Programme - Services Support Unit, Babarmahal, Kathmandu, Nepal.

अनुसूची १. उदेश्य अनुसारका सूचकहरू र सम्भावित तथ्याङ्क/सूचना सङ्कलनका स्रोत

अध्ययनका उदेश्यहरू	सूचकहरू	तथ्याङ्क/सूचना सङ्कलन विधि एवं सम्भावित स्रोतहरू	कैफियत
प्रभाव अध्ययनको सैद्धान्तिक अवधारणा बमोजिम संरक्षित क्षेत्रले नेपालको अर्थतन्त्रमा पारेको प्रभाव अध्ययन गर्ने	- संरक्षित क्षेत्र ले समग्र अर्थतन्त्रमा पुरयाएको योगदान - प्रावधान गरिएका सेवाहरूको (Provisioning services) योगदान - संस्कृतिक सेवाहरूको (Cultural services) योगदान - नियामकीय सेवाहरूको (Regulating Services) योगदान - सहयोगात्मक सेवाहरूको (Supporting Services) योगदान	सम्बन्धित दस्तावेजहरूको अध्ययन (राष्ट्रीय/अन्तराष्ट्रीय); विज्ञसँग परामर्श; राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागबाट उपलब्ध तथ्यांक/सूचना विश्लेषण	- अन्तर्निहित र अन्तर सम्बन्धीत सूचकहरू (overlapping indicators) - सूचकहरू सम्बन्धी दस्तावेजहरूको उप लब्धतामा निर्भर (Subject to literature available related to indicators)
संरक्षित क्षेत्रहरूले उत्पादन, उपभोग, निर्यात, राजस्व संकलन, उद्योग, व्यापार, रोजगारी, पर्यटन, आदिमा खेलेको भूमिकाको समीक्षा गर्ने			
संरक्षित क्षेत्रहरूले नेपाली जनताको जनजीविकामा पारेको प्रभाव विश्लेषण गरी तिनीहरूको समग्र प्रभावकारीता मूल्यांकन गर्ने	- वन पैदावार वितरणः काठ, दाउरा, घाँस/पत्कर, स्याउला र खाB पदार्थ	सम्बन्धित दस्तावेजहरूको अध्ययन (राष्ट्रीय/अन्तराष्ट्रीय); विज्ञ सँग परामर्श; राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण	

	- गरिव सदस्यहरूको जिविकोपर्जनमा योगदान - रोजगारी र रोजगारिको अवसर सिर्जना - स्थानिय विकासमा योगदान	विभागबाट उपलब्ध तथ्यांक/सूचना विश्लेषण	
पन्ध्रौं योजनाको दीर्घकालीन सोच, दिगो विकास लक्ष्य र राष्ट्रिय वन नीति, २०७५ का लक्ष्य तथा उद्देश्यहरू हासिल गर्नको लागि संरक्षित क्षेत्र व्यवस्थापनमा नेपाल सरकारले कार्यान्वयन गरेका गुरुयोजना तथा कार्यक्रमहरूको विश्लेषण, मूल्यांकन र पुनरावलोकन गरी भावी कार्ययोजना प्रस्तुत गर्ने	-	सम्बन्धित दस्तावेजहरूको अध्ययन (राष्ट्रीय/अन्तराष्ट्रीय); विज्ञसँग परामर्श	-
उद्यममैत्री वन व्यवस्थापन प्रणाली स्थापित गर्न र हरित उद्यम विकास गर्नको लागि सरकारी, निजी तथा सहकारी क्षेत्रको लगानी खाका तयार पार्ने	-	सम्बन्धित दस्तावेजहरूको अध्ययन (राष्ट्रीय/अन्तराष्ट्रीय); विज्ञसँग परामर्श	-

संरक्षित वन क्षेत्र दिगो व्यवस्थापनको सिद्धान्तभित्र रहेर राष्ट्रिय गौरवका, रुपान्तरणकारी तथा राष्ट्रिय प्राथमिकताका पूर्वाधार विकास आयोजना निर्माणको लागि मार्ग प्रशस्त गर्ने व्यवहारिक रणनीतिक कार्यान्वयनको ढाँचा निर्माण गर्ने	-	सम्बन्धित दस्तावेजहरूको अध्ययन (राष्ट्रीय/अन्तराष्ट्रीय); विज्ञसँग परामर्श	-

अनुसूची २. नेपालको GDP Estimate गर्न वर्गीकरण गरिएका System of National Accounts **का क्षेत्रहरू**

1.	Agriculture, forestry and fishing
2.	Mining and quarrying
3.	Manufacturing
4.	Electricity, gas, steam and air conditioning supply
5.	Water supply; sewerage, waste management and remediation activities
6.	Construction
7.	Wholesale and retail trade; repair of motor vehicles and motorcycles
8.	Transportation and storage
9.	Accommodation and food service activities
10.	Information and communication
11.	Financial and insurance activities
12.	Real estate activities
13.	Professional, scientific and technical activities
14.	Administrative and support service activities
15.	Public administration and defence; compulsory social security
16.	Education
17.	Human health and social work activities
18.	Arts, entertainment and recreation; Other service activities

अनुसूची ३. नेपालको संरक्षित क्षेत्र बाट उत्पादित विभिन्न सेवाहरूको कुल मूल्य (रु. हजारमा)

विवरण	**आ. व. २०७२/७३ को मूल्य (रु. हजारमा)**	**आ. व. २०७७/७८ को मूल्य (रु. हजारमा)**	**कैफियत**
प्रावधान गरिएका सेवाहरू (Provisioning services)	१९,१०८,१२१.८१	१९,१०८,१२१.८१	
सांस्कृतिक सेवाहरू (Cultural Services)	७,८१७,२३१.६३	२६११७४८.२६	
नियामकीय सेवाहरू (Regulating Services)	१,५८१,३७१.५८	१,५८१,३७१.५८	
सहयोगी सेवाहरू (Supporting Services)	२३,५७७,३४५.३५	२३,५७७,३४५.३५	
सबै सेवाहरूको जम्मा मूल्य	**५२,०८४,०७०.३७**	**४६,८७८,५८७.००**	केन्द्रीय तथ्यांक विभागको आ.व. २०७७/७८को अनुमानित GDP (उत्पादकको मुल्यमा)
कुल गार्हस्थ उत्पादन (GDP)	२,२४८,६९१,०००.००	४,२६६,३२१,०००.००	
संरक्षित क्षेत्रको GDP मा योगदान (प्रतिशतमा)	२.३२	१.१०	

अनुसूची ४. संरक्षित क्षेत्रले GDP मा पुरयाएको योगदान

Sectors	आ.व. २०७२/७३			आ.व. २०७७/७८		
	Amount in' 000	Percent of GDP	Percent of Total value of PAs	Amount in' 000	Percent of GDP	Percent of Total value of PAs
Agriculture and Forestry	**44,117,532.06**	**1.96**	**84.7**	**44,117,532.06**	**1.03**	**94.11**
(i) Agriculture	**23,577,345.35**	**1.05**	**45.27**	**23,577,345.35**	**0.55**	**50.29**
Crop production	2,499,818.24			2,499,818.24		
Livestock value	21,077,527.11			21,077,527.11		
(ii) Forestry	**20,540,186.71**	**0.91**	**39.44**	**20,540,186.71**	**0.48**	**43.82**
Timber	1,679,880.79			1,679,880.79		
Firewood	6,483,667.96			6,483,667.96		
Foddergrass	3,885,992.00			3,885,992.00		
Leaf-litter	1,274,864.77			1,274,864.77		
Wildfruit	3,999.98			3,999.98		
Wild vegetable	4,500,230.86			4,500,230.86		
Lokta	723.21			723.21		
Allo	1,475.36			1,475.36		
Fish	107,370.72			107,370.72		
Honey	362,800.12			362,800.12		
Thatching grass	184,699.15			184,699.15		
Building material	107,921.55			107,921.55		
Sand Boulder	166,959.20			166,959.20		
clay mud	61,175.25			61,175.25		
NTFP	286,360.89			286,360.89		
Carbon Sequestration	456,699.20			456,699.20		
External Biodiversity Payment	975,365.69			975,365.69		
Electricity, gas and water	**149,306.69**	**0.01**	**0.29**	**149,306.69**	**0.003**	**0.32**
Drinking water	45,323.95			45,323.95		
Electricity	103,982.73			103,982.73		
Hotels and restaurants	**5,693,519.31**	**0.25**	**10.93**	**1,902,215.97**	**0.04**	**4.06**
Hotels	3,997,365.20			1,335,519.71		
Other Tourism services	1,229,683.50			410,837.26		

Fee + Permits	466,470.61			155,859.00		
Transport, storage and communications	**2,123,712.32**	**0.09**	**4.08**	**709,532.29**	**0.02**	**1.51**
Transport	2,123,712.32			709,532.29		
Total	**52,084,070.37**	**2.32**	**100**	**46,878,587.01**	**1.10**	**100**
GDP	**2,248,691,000.00**			**4,266,321,000.00**		
Contribution of PAs	**2.32**			**1.10**		

अनुसूची ५. मुख्य सुचानादताहरू

सि. न.	व्यक्तिको नाम	संस्था	पद	सम्पर्क नम्बर
1	चन्द्रशेखर चौधरी	राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग	अनुगमन तथा मूल्यांकन अधिकृत	
2	दिल पुन	राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग	योजना अधिकृत एवं प्रवक्ता	
3	रामचन्द्र कंडेल	राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग	महानिर्देशक	
4	इकोलोजी शाखा	राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग		
5	बिन्दु मिश्र	वन तथा भू-संरक्षण विभाग	उप-महानिर्देशक	
6	राज कुमार गिरि	वन अनुसन्धान तथा तालिम केन्द्र	अनुसन्धान अधिकृत	
7	किरण पोखरेल	वन अनुसन्धान तथा तालिम केन्द्र	सहायक अनुसन्धान अधिकृत	
8	पेम प्रसाद कंडेल	वन तथा वातावरण मन्त्रालय	सचिव	
9	सुमन सुबेदी	वन तथा वातावरण मन्त्रालय	योजना अधिकृत	
10	बिख्यात शेरचन	राष्ट्रिय प्रकृति संरक्षण कोष	सूचना अधिकारी	

Government of Nepal

National Planning Commission

Singha Durbar, Kathmandu

Phone: +977 - 1- 4211970

Fax: +977 - 01 4211700

Email: npc@npc.gov.np